# हाइडलवर्ग धार्मिक शिक्षा

## प्रभुको दिन १

१. **प्रश्नः** जीवन र मृत्युमा तपाईको एक मात्र सान्तवना के हो ?

**उत्तरः** कि म मेरै होइन, १
तर सम्बन्धित छु..
मेरो शरीर र प्राण,
जीवन र मृत्युमा..२
मेरै विश्वासयोग्य मुक्तिदाता येशू ख्रीष्टमा। ३

उहाँको आफ्नो अमूल्य रगतद्वारा मेरा पापहरुको लागि पूर्ण मूल्य तिरीसक्नुभएको छ, ४
र मलाई शैतानको निरंकुशताबाट छुटाउनु भएको छ । ५
उहाँले मलाई यस्तो प्रकारले हेरविचार पनि गर्नुहुन्छ, ६
कि मेरो शिरको एक रौं पनि मेरो स्वर्गमा हुनुहुने पिताको इच्छा विना मेरो शिरबाट झर्न सक्दैन । ७
वास्तवमा, सबै कुराहरु मेरो मुक्तिको लागि सँगै मिली काम गर्दछन् । ८

म उहाँको भएको कारण,
ख्रीष्टले, उहाँको पवित्र आत्माद्वारा,
मलाई अनन्त जीवनको निश्चयता दिनुहुन्छ ९
र अव उप्रान्त पुरा ह्रदयले तत्परता र तयारीका साथ उहाँको निम्ति जीउने मलाई बनाउनुहुन्छ । १०

१. १को.६:१९-२०
२. रोमी १४:७-९
३. १ को. ३:२३, तितस २:१४
४. १ पत्रुस १:१८-१९, १ यूहन्ना १:७-९, २:२
५. यूहन्ना ८:३४-३६, हिब्रु २:१४-१५, १ यूहन्ना ३:१-११
६. यूहन्ना ६:३९-४०, १०:२७-३०, २थेस.३:३, १पत्रुस १:५
७. मत्ती १०:२९-३१, लूका २१:१६-१८
८. रोमी ८:२८
९. रोमी ८:१५-१६, २को.१:२१-२२, ५:५, एफिसी १:१३-१४
१०. रोमी ८:१-१७

२. **प्रश्नः** यस सान्तवनाको आनन्दमा जीउन र मर्न तपाईले के बुझ्नै पर्छ ?

**उत्तरः क** ) तीन कुराहरु :
पहिलो, मेरा पापहरु र दुगर्ती कति ठूला छन्, १
दोस्रो, म कसरी मेरा सबै पापहरु र दुर्गतीहरुबाट स्वतन्त्र पारिए, २
तेस्रोः यी छुटकाराको निम्ति मैले परमेश्वरलाई कसरी धन्यबाद दिने । ३
१. रोमी ३:९-१०, १ यूहन्ना १:१०
२. यूहन्ना १७:३, प्रेरित ४:१२, १०:४३
३. मत्ती ५:१६, रोमी ६:१३, एफिसी ५:८-१०, २तिमोथी २:१५, १ पत्रुस२:९-१०

# भाग १: मानव दुर्गती

## प्रभुको दिन २

३. प्रश्नः तपाईको दुर्गतीको बारेमा कसरी थाहा पाउनुहुन्छ ?
उत्तरः परमेश्वरको व्यवस्थाले मलाई बताउदछ । १

१ रोमी ३:२०, ७:७-२५

४. **प्रश्नः** परमेश्वरको व्यवस्थाले हामीबाट के माग गर्दछ ?
**उत्तरः** येशूले हामीलाई संक्षिप्त रुपमा मत्ती २२ मा सिकाउनुहुन्छ..
परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा ह्रदयले
र तिम्रो सारा समझले र तिम्रो सारा शक्तिले प्रेम गर ।१
यो पहिलो र सबैभन्दा महान आज्ञा हो ।

र दोस्रो पनि त्यस्तै छः
तैले आफ्नो छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर्नू । २

सारा व्यवस्था र अगमवक्ताहरुका शिक्षाको
आधार नै यी दुई आज्ञाहरु हुन् ।

१. व्यवस्था ६:५
२. लेवी १९:१८

५. **प्रश्नः** के हामी यति सिद्ध भएर जीउन सक्छौं ?
**उत्तर**ः अहँ, सक्दैनौं । १
म भित्र परमेश्वर र मेरो छिमेकीलाई घृणा गर्ने प्राकृतिक प्रवृति छ । २
१. रोमी ३:९-२०, २३, १यूहन्ना १:८, १०
२. उत्पत्ति ६:५, यर्मिया १७:९, रोमी ७:२३-२४, ८:७, एफिसी २:१-३, तितस ३:३

## प्रभुको दिन ३

६. **प्रश्नः** के परमेश्वरले मानिसलाई अतिनै दुष्ट र भ्रष्ट सृष्टि गर्नुभयो ?
**उत्तर**ः अहँ, गर्नुभएन ।
परमेश्वरले उनीहरुलाई असलरुपमा, १ र उहाँको आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो, २
त्यसको अर्थ, साँचो धार्मिकतामा र पवित्रतामा बनाउनुभयो, ३
ताकि उनीहरुले परमेश्वर आफ्ना सृष्टिकर्तालाई साँचो रुपमा चिन्न सकून्, ४
उहाँलाई आफ्नो सारा ह्रदयले प्रेम गर्न सकून्, ५
र उहाँसँगै अनन्तको खुशीमा उहाँको प्रशँसा र महिमाको निम्ति जीउन सकून् । ६
१. उत्पत्ति १:३१
२. उत्पत्ति १:२६-२७
३. एफिसी ४:२४
४. कलस्सी ३:१०
५. भजनसंग्रह ८

७. **प्रश्न:** मानिसको यस भ्रष्ट स्वभाव कहाँबाट आउछ ?

**उत्तर:** अदनको बगैचामा भएको हामीहरुको पहिलो माता पिताको अनाज्ञाकारीता र पतन बाट । १
यस पतनले हाम्रो स्वभावलाई यतिविध्न दुषित तूल्याएको छ २
कि हामी जन्मै पापी जन्मन्छौं..
आमाको गर्भबाट अशुद्ध जन्मन्छौं । ३

१. उत्पत्ति ३
२. रोमी ५:१२, १८-१९
३. भजनसँग्रह ५१:५

८. **प्रश्न:** के हामी यत्तिविध्न भ्रष्ट छौं कि हामी पूर्णरुपले कुनैपनि असल काम गर्न असमर्थ छौं र सधै दुष्टता तर्फ मात्र झुकिरहन्छौं ?

उत्तर: हो, १ जब सम्म हामी परमेश्वरको आत्माद्वारा पुर्नजन्म लिदैनौ,
हामी दुष्टतातर्फ मात्र झुकिरहन्छौं ।२

१. उत्पत्ति ६:५, ८:२१, अयूव १४:४, यशैया ५३:६
२. यूहन्ना ३:३-५

## प्रभुको दिन ४

९. **प्रश्न:** तर के परमेश्वरले उहाँको व्यवस्था पालनको आदेश दिएर हामीलाई अन्याय गर्नुभएको छैन, जुन व्यवस्था हामी पालन गर्न असमर्थ छौं ?

**उत्तर:** अहँ छैन, परमेश्वरले मानवजातिलाई व्यवस्था पालनगर्न सक्ने क्षमतासँगै बनाउनुभयो ।१
एद्यपी, उनीहरु, दुष्टद्वारा परिक्षित भएर, २
लापरवाही अनाज्ञाकारीतामा, ३
उनीहरु आफैले र उनीहरुको सबै सन्तानबाट यी बरदान गुमाए ।४

१. उत्पत्ति १:३१, एफिसी ४:२४
२. उत्पत्ति ३:१३, यूहन्ना ८:४४
३. उत्पत्ति ३:६
४. रोमी ५:१२, १८,१९

१०. **प्रश्न:** के परमेश्वरले यस्तो अनाज्ञाकारिता र विद्रोहलाई विना सजाय छाड्नुहुन्छ ?

**उत्तर:** अवश्य पनि छाड्नुहुन्न ।
उहाँ हामीले सँगै लिएर जन्मेका हाम्रा पापहरु,
साथ साथै ब्यक्तिगत रुपमा गरेका पापहरु देखि अत्यन्त क्रोधित हुनुहुन्छ ।

एक न्यायी न्यायकर्ताको रुपमा
उहाँले तिनीहरुलाई अहिले अनि सदाकाल सजाय दिनुहुन्छ । १

उहाँले घोषणा गर्नुभएको छः
"व्यवस्थाका पुस्तकमा लेखिएका सबै कुराहरु पालन नगर्ने हेरक श्रापित होस्"। २

१. प्रस्थान ३४:७, भजनसँग्रह ५:४-६, नहेम्याह १:२, रोमी १:१८, एफिसी ५:६, हिब्रू ९:२७
२. गलाती ३:१०, व्यवस्था २७:२६

११. **प्रश्नः** तर के परमेश्वर कृपालु पनि हुनुहुन्न ?
**उत्तरः** अवश्यपनि परमेश्वर कृपालु हुनुहुन्छ, १
तर उहाँ न्यायी पनि हुनुहुन्छ । २
उहाँको न्यायले माग गर्दछ,
कि उहाँको सर्वश्रेष्ठ प्रताप विरुद्ध गरिएको हरेक पापको,
शरीर र प्राण अनन्तको,
कठोर दण्डसहित सजाय हुनुपर्दछ । ३
१. प्रस्थान ३४:६-७, भजनसँग्रह १०३:८-९
२. प्रस्थान ३४:७, व्यवस्था ७:९-११, भजनसँग्रह ५:४-६, हिब्रू १०:३०-३१
३. मत्ती २५:३५-४६

# भाग २: छुटकारा

## प्रभुको दिन ५

१२. **प्रश्नः** परमेश्वरको धार्मिक न्याय अनुसार,
हामी सजायको योग्य छौं
दुबै अहिले यस सँसारमा अनि पछि सदाकालको लागि पनिः
तर हामी कसरी यस सजायबाट उम्कन
र परमेश्वरको कृपामा फर्कन सक्छौं ?

**उत्तरः** परमेश्वर चहानुहन्छ कि उहाँको न्याय सन्तुष्ट पारियोस् । १
त्यसैले या हामीहरुद्वारा वा अरु दोस्रो ब्यक्तिद्वारा
न्याय अनुसारको माग पूर्णरुपमा तिरिनुपर्दछ । २

१. प्रस्थान २३:७, रोमी २:१-११
२. यशैया ५३:११, रोमी ८:३-४

१३. **प्रश्नः** के हामी आफै यो ऋण तिर्नसक्छौं ?
**उत्तरः** अवश्य पनि सक्दैनौं ।
वास्तवमा, हामी हाम्रो दोष प्रत्येक दिन बढाउछौं । १
१. मत्ती ६:१२, रोमी ३:४-५

१४. **प्रश्नः** के अरु कुनै जिवजन्तुले हामीहरुको लागि यो ऋण तिरिदिनसक्छ ?
**उत्तरः** अहँ, सक्दैन ।
प्रथमत,
परमेश्वरले मानिसहरु जुन कुराको दोषी छ त्यसको कारण अरु जिवजन्तुहरुलाई सजाय दिनुहुन्न । १
त्यस बाहेक,
कुनै पनि जीवजन्तुले परमेश्वरको पाप विरुद्धको अनन्तको क्रोधको बोझ बोक्न सक्दैन
र अरुलाई यस दोषबाट मुक्त पार्न सक्दैन । २
१. इजिकिएल १८:४, २०, हिब्रू २:१४-१८
२. भजनसँग्रह ४९:७-९, १३०:३
१५. **प्रश्नः** त्यसो भने, हामीले कस्तो प्रकारको मध्यस्तकर्ता र उद्धारकर्ता खोज्नुपर्छ ?

**उत्तर:** एक जो वास्तवमै मानव,१ र सत प्रतिशत धार्मिक हुनुहुन्छ, २
तर सबै जीवजन्तुहरुभन्दा शक्तिशाली पनि,
त्यसको अर्थ, एक व्यक्ति जो वास्तवमै परमेश्वर पनि हुनुहुन्छ । ३
१. रोमी १:३, १कोरिन्थी १५:२१, हिब्रू २:१७
२. यशैया ५३:९, २ कोरिन्थी ५:२१, हिब्रू ७:२६
३. यशैया ७:१४, ९:६, यर्मिया २३:६, यूहन्ना १:१

## प्रभुको दिन ६

१६. **प्रश्न:** किन उहाँ साँचो मानव र साँचो धर्मी ब्यक्ति हुनैपर्छ ?
**उत्तर:** परमेश्वरको न्यायले माग गर्दछ
कि मानव स्वभाव, जसले पाप गरेको छ,
यस पापको मूल्य तिर्नैपर्छ, १
तर एक पापीले अर्को पापीहरुको लागि मूल्य तिर्न कहिल्यै सक्दैन । २
१. रोमी ५:१२, १५:१, १को.१५:२१, हिब्रू २:१४-१६
२. हिब्रू ७:२६-२७, १ पत्रुस ३:१८

१७. **प्रश्न:** किन उहाँ साँचो परमेश्वर पनि हुनैपर्छ ?
**उत्तर:** ताकि,
उहाँको दैविक शक्तिद्वारा,
उहाँले आफ्नो नम्रतामा परमेश्वरको क्रोधको बोझ बोक्न सकून्
र हाम्रो लागि धार्मिकता कमाउन र हामीलाई धार्मिकता र जीवनमा पुर्नस्थापना गर्न सकून् ।१
१. यशैया ५३, यूहन्ना ३:१६, २को.५:२१

१८. **प्रश्न:** अनि यो मध्यस्थकर्ता को हुनुहुन्छ,
जो साँचो परमेश्वर र एकै समयमा
साँचो मानव र साँचो धर्मी ब्यक्ति पनि हुनुहुन्छ ?
**उत्तर:** यो मध्यस्थकर्ता हाम्रो प्रभु येशू खीष्ट हुनुहुन्छ, १
जो हामीहरुलाई पूर्णरुपमा स्वतन्त्र बनाउन
र परमेश्वरसँग हाम्रो सम्बन्ध सठीक बनाउन २
हामीहरुको लागि दिइएको थियो ।
१. मत्ती १:२१-२३, लूका २:११, १तिमोथी २:५
२. १ कोरिन्थी १:३०

१९. **प्रश्न:** तपाई यी सब कुराहरुको जानकारी कसरी पाउनुहुन्छ ?
**उत्तर:** पवित्र सुसमचारले मलाई बताउदछ । १
परमेश्वर स्वयमले यस सुसमचार अदनको बगैचामा प्रकट गर्न शुरु गर्नुभयो, १
पछि, उहाँले सन्त पितृहरु र अगमवक्ताहरुद्वारा,
यसलाई घोषणा गर्नुभयो, ३
र बलिदानहरु र व्यवस्थाका अरु धार्मिक विधी विधानहरुद्वारा,
यसलाई चित्रण गर्नुभयो४
अन्तमा, उहाँले उहाँको आफ्नै प्रिय पुत्रद्वारा
यसलाई पुरागर्नुभो । ५
१. उत्पत्ति ३:१५

२. उत्पत्ति २२:१८, ४९:१०
३. यशैया ५३, यर्मिया २३:५-६, मीका ७:१८-२०, प्रेरित १०:४३, हिब्रू १:१-२
४. लेवी १-७, यूहन्ना ५:४६, हिब्रू १०:१-१०
५. रोमी १०:४, गलाती ४:४-५, कलस्सी २:१७

## प्रभुको दिन ७

२०. **प्रश्नः** जसरी आदमारा सबै मरेका थिए
के ख्रीष्टद्वारा सबै बचाइएका छन् ?
**उत्तरः** अहँ, होइन ।
मात्र ती बचाइएका छन्
जो साँचो विश्वासद्वारा ख्रीष्टमा कलमी गरिएका छन्
र उहाँका सबै आशिषहरु स्विकार गर्छन् । १
१. मत्ती ७:१४, यूहन्ना ३:१६, १८, ३६, रोमी ११:१६-२१

२१. **प्रश्नः** साँचो विश्वास के हो ?
**उत्तरः** साँचो विश्वास
परमेश्वरले आफ्नो बचनमा प्रकाश गर्नुभएको सबै कुरा साँचो हो भन्ने कुराको
ज्ञान र विश्वास गर्नु मात्र होइन, १
यो गहिरो रुपमा गाडिएको निश्चयता पनि हो, २
जुन ममा पवित्र आत्मा ३ र सुसमचारद्वारा ४ निर्माण गरिएको हुन्छ,
र, पूर्ण अनुग्रहमा ख्रीष्टद्वारा हाम्रो लागि कमाइएको छ, ५
यो अरुहरुको लागि मात्र होइन, तर मेरो लागि पनि हो ६
कि मेरा पापहरु क्षमा गरिएका छन्,
र परमेश्वरसँग सधैंभरिको लागि सठिक बनाइएको छु,
र मुक्ति पनि दिइएको छ भनि विश्वास गर्नु हो । ७

१. यूहन्ना १७:३, १७, हिब्रू ११:१-३, याकूब २:१९
२. रोमी ४:१८-२१, ५:१, १०:१०, हिब्रू ४:१४-१६
३. मत्ती १६:१५-१७, यूहन्ना ३:५, प्रेरित १६:१४
४. रोमी १:१६, १०:१७, १को.१:२१
५. रोमी ३:२१-२६, गलाती २:१६, एफिसी २:८-१०
६. गलाती २:२०
७. रोमी १:१७, हिब्रू १०:१०

२२. **प्रश्नः** तब एक ख्रीष्टियनले के कुरा विश्वास गर्नै पर्छ ?
**उत्तरः** परमेश्वरले हामीलाई सुसमचारमा प्रतिज्ञा गर्नुभएका सबै कुराहरु १
जुन सुसमचार हामीहरुको लागी ख्रीष्टियन विश्वासको सारमा
संक्षिप्त गरिएका छन्,
यो विश्वासको सिद्धान्त विना शँका
सँसारभरी स्विकार गरिएको छ ।
१.मत्ती २८:१८-२०, यूहन्ना २०:३०-३१

२३. **प्रश्नः** यी विश्वासका सारहरु के के हुन् ?

**उत्तर:** म विश्वास गर्नछु, एक सर्वशक्तिमान पिता,
स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि ।

म विश्वास गर्दछु येशू ख्रीष्ट उहाँको एक्ले पुत्र, हाम्रा प्रभु,
जो पवित्र आत्माद्वारा गर्भधारण हुनुभयो
र कन्या मरियमबाट जन्मनुभयो ।
उहाँले पन्तियस पिलातसको अधिनमा दुख भोग्नुभयो,
क्रुसमा टाँगिनुभयो, मारिनुभयो, र गाँडिनुभयो,
उहाँ नरकमा ओर्लिजानुभयो ।
तेस्रो दिनमा उहाँ मृत्युबाट बौरी उठ्नुभयो ।
उहाँ स्वगलोक चढिजानुभयो
र सर्बशक्तिमान परमेश्वर पिताको दाहिने हात तर्फ बस्नुभएको छ ।
जहाँबाट उहाँ जिवीत र मरेकाहरुका न्याय गर्न फेरि आउनुहुनेछ ।

म विश्वास गर्छु पवित्र आत्मामा,
पवित्र विश्व मण्डलीमा,
पवित्र जनहरुको सँगतीमा,
पाप मोचनमा,
शरीरको पुनरुत्थानमा,
र अनन्तको जीवनमा । आमिन ।

## प्रभुको दिन ८

२४. **प्रश्न:** विश्वासका यी सारहरुलाई कसरी विभाजित गरिएका छन् ?
**उत्तर:** तीन भागहरुमा विभाजित गरिएका छन्:
परमेश्वर एक पिता र हाम्रो सृष्टि,
परमेश्वर एक पुत्र र हाम्रो उद्धारक,
परमेश्वर एक पवित्र आत्मा र हाम्रो शुद्धिकरण ।

२५. **प्रश्न:** यद्यपी, परमेश्वर एक मात्र भएपनि, १
किन तपाई तीन: पिता, पुत्र र पवित्र आत्माको कुरा गर्नुहुन्छ ?
**उत्तर:** किनभने त्यसरीनै परमेश्वरले आफैलाई उहाँको बचनमा प्रकट गर्नुभएको छ:२
यी तिन भिन्न व्यक्तिहरु एक, सत्य, अनन्त परमेश्वर हुन् ।

१. व्यवस्था ६:४, १को. ८:४, ६
२. मत्ती ३:१६-१७, २८:१८-१९, लूका ४:१८ (यशैया ६१:१), यूहन्ना १४:२६, १५:२६, २को.१३:१४
३. गलाती ४:६, तितस ३:५-६

# परमेश्वर पिता

## प्रभुको दिन ९

२६. **प्रश्नः** जब तपाई भन्नुहुन्छ,म विश्वास गर्छु सर्वशक्तिमान पिता,
स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि, तब तपाई के विश्वास गर्नुहुन्छ ?
**उत्तरः** हाम्रा प्रभु येशू खीष्टको अनन्तका पिता,
जस्ले शून्यताबाट स्वर्ग र पृथ्वी,
र त्यस्मा भएका सबैथोकको सृष्टि गर्नुभयो,१
जस्ले आफ्नो ज्ञान र पूर्वप्रवन्ध अनुसार
यी सबै कुराहरुलाई थाम्नु र शासन गर्नुहुन्छ, २
खीष्ट उहाँको पुत्रको कारण,
उहाँ मेरो परमेश्वर र पिता हुनुहुन्छ । ३

म उहाँमा पूरा भरोसा राख्दछु र कुनै कुरामा पनि शँका गर्दिन
मेरो शरीर र प्राणलाई चाहिने सबैकुरा उहाँले जुटाउनुहुनेछ, ४
र यस दुखी सँसारमा उहाँले पठाउनुहुने सबै विपत्तीहरुलाई
उहाँले मेरो भलाईमा परिणत गर्नुहुनेछ ।५

उहाँ यी कामहरु गर्न सक्नुहुन्छ किनकी उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ, ६
उहाँ यस काम गर्न इच्छुक हुनुहुन्छ किनभने उहाँ एक विश्वासयोग्य पिता हुनुहुन्छ । ७
१. उत्पत्ति १ र २, प्रस्थान २०:११, भजनसँग्रह ३३:६, यशैया ४४:२४, प्रेरित ३:२४, १४:१५
२. भजनसँग्रह १०४, मत्ती ६:३०, १०:२९, एफिसी १:११
३. यूहन्ना १:१२-१३, रोमी ८:१५-१६, गलाती ४:४-७, एफिसी १:५
४. भजनसँग्रह ५५:२२, मत्ती ६:२५-२६, लूका १२:२२-३१
५. रोमी ८:२८
६. उत्पत्ति १८:१४, रोमी ८:३१-३९
७. मत्ती ७:९-११

## प्रभुको दिन १०

२७. **प्रश्नः** परमेश्वरको पूर्वप्रबन्ध भन्नाले तपाई के बुझ्नु हुन्छ ?
**उत्तरः** पूर्वप्रबन्ध भनेको,
परमेश्वरको सर्वशक्ति र अनन्तको शक्ति
जस्द्वारा, उहाँको हातले थामेजस्तै,
स्वर्ग र पृथ्वी र सबै सृष्टिहरुलाई, उहाँले थाम्नुहुन्छ,२
र यिनीहरुलाई शासन गर्नुहुन्छ कि
विरुवा र पातपतिँगर,
झरी र खडेरी,
सहकाल र अनिकाल,
भोजन र पानी,
स्वस्थ्यता र विमारी,
समृद्धी र गरिबी..३
सबै कुराहरु, वास्तवमा, हामीहरुलाई
सँयोगले आउदैनन् ४
बरु उहाँको सुसारे हातद्वारा आउछ । ५
१. यर्मिया २३:२३-२४, प्रेरित १७:२४-२८
२. हिब्रू १:३

३. यर्मिया ५:२४, प्रेरित १४:१५-१७, यूहन्ना ९:३, हितोदेश २२:२
४. हितोपदेश १६:३३
५. मत्ती १०:२९

२८. **प्रश्नः** परमेश्वरको सृष्टि र पूर्वप्रबन्धको ज्ञानले हामीलाई हामीलाई कसरी सहयोग गर्दछ ?
**उत्तरः** जब कुनै कुराहरु हाम्रो विपक्षमा हुन्छ, हामी धैर्य हुनसक्छौं, १
जब कुराहरु हाम्रो पक्षमा हुन्छन् धन्यबादी हुनसक्छौं, २
र भविष्यको लागि हामी हाम्रो विश्वासयोग्य परमेश्वर र पितामा
भरोसा गर्न सक्छौं
कि कुनै पनि कुराहरुले हामीलाई उहाँको प्रेमबाट अलग गर्न सक्दैन् । ३
सबै जीवजीवातहरु पूर्णरुपमा उहाँको हातमा छन्
अनि उहाँको इच्छा विपरीत
तिनीहरु न त हलचल हुन्छन वा हलचल गराउन नै सकिन्छ । ४
१. अयूब १:२१-२२, याकूब १:३
२. व्यवस्था ८:१०, १ थेसोलिनीकी ५:१८
३. भजनसँग्रह ५५२२, रोमी ५:३-५, ८:३८-३९
४. अयूब १:१२, २:६, हितोपदेश २१:१, प्रेरित १७:२४-२८

# परमेश्वर पुत्र

## प्रभुको दिन ११

२९. **प्रश्नः** किन परमेश्वरको पुत्रलाई ***येशू*** जसको अर्थ हो ***मुक्तिदाता*** भनियो ?
**उत्तरः** किनभने उहाँले हामीहरुलाई हाम्रो पापहरुबाट बचाउनुहुन्छ । १
मुक्ति अरु कसैमा पनि पाउन सकिदैन,
मुक्तिको लागि कही कतै खोज्नु ब्यर्थ छ । २
१. मत्ती १:२१, हिब्रु ७:२५
२. यशैया ४३:११, यूहन्ना १५:५, प्रेरित ४:११-१२, १तिमोथी २:५

३०. **प्रश्नः** ती जसले आफ्नो मुक्ति र सुरक्षाको लागि
सन्तहरुमा, आफैमा, अथवा अरुकतै हेर्दछन् भने
के उनीहरुले एक मात्र मुक्तिदाता येशूमा साच्चैनै विश्वास गर्छन् ?
**उत्तरः** अहं, गर्दैनन् ।
यद्यपी उनीहरुले उहाँको हुँ भनि दावी गरेता पनि,
उनीहरुको कामहरुद्धारा उनीहरु एकमात्र मुक्तिदाता र
उद्धारकर्ता, येशूलाई इन्कार गर्छन् ।१

कि त येशू सिद्ध मक्तिदाता हुनुहुन्न,
वा ती जस्ले उहाँमा साँचो विश्वास साथ
यस मुक्तिदातालाई स्विकार गर्छन तिनीहरुले
उनीहरुको मुक्तिको लागि चाहिने सबैकुरा उहाँमा नै
प्राप्त गर्छन् ।
१. १ को. १:१२-१४, गलाती ५:४

२. कलस्सी १:१९-२०, २:१०, १यूहन्ना १:७

## प्रभुको दिन १२

३१. **प्रश्नः** किन उहाँलाई “खीष्ट” भनियो,
जसको अर्थ “अभिषिक्त” हुन्छ ?
**उत्तरः** किनकी उहाँ पिता परमेश्वरबाट नियुक्त हुनुहुन्छ
र पवित्र आत्मामा अभिषेक हुनुभएको छ, १
हुनलाई
हाम्रो प्रधान अगमवक्ता र शिक्षक २
जस्ले हाम्रो उद्धारको लागि परमेश्वरको गुप्तका नियमहरु
र ईच्छा पूर्णरुपले हामीलाई प्रकाश पार्नुहुन्छ,३
हाम्रो एक मात्र प्रधान पुजाहारी ४
जस्ले हामीलाई उहाँको आफ्नै शरीरको बलिदानद्धारा स्वतन्त्र गर्नुभएको छ, ५
र जस्ले लगातार हाम्रा कुराहरु पिताको सामू विन्ति चढाउनु हुन्छ, ६
र हाम्रो अनन्तको राजा ७
जस्ले हामीलाई उहाँको बचन र आत्माद्वारा शासन गर्नुहुन्छ
उहाँले हाम्रो लागि जित्नुभएको स्वतन्त्रतामा
हामीलाई सुरक्षा दिनुहुन्छ र जोगाउनु हुन्छ । ८
१. लूका ३:२१-२२, ४:१४-१९ (यशैया ६१:१), हिब्रू १:९ (भ.स.४५:७)
२. प्रेरित ३:२२ (व्यवस्था १८:१५)
३. यूहन्ना १:१८, १५:१५
४. हिब्रू ७:१७ (भ.स. ११०:४)
५. हिब्रू ९:१२, १०:११-१४
६. रोमी ८:३४, हिब्रू ९:२४
७. मत्ती २१:५ (जकरिया ९:९)
८. मत्ती २८:१८-२०, यूहन्ना १०:२८, प्रकाश १२:१०-११

३२. **प्रश्नः** तर तिमीलाई किन खीष्टियन भनियो ?
**उत्तरः** किनकी विश्वासद्वारा म खीष्टको एक सदस्य हुँ, १
र त्यसैले म उहाँको अभिषेकको हिस्सा भएको छु । २
म अभिषिक्त भएको छु:
उहाँको नाउको स्विकार गर्न, ३
म आफैलाई उहाँको सामु धन्यबाद स्वरुप जिउदो बलिको रुपमा प्रस्तुत गर्न, ४
यस जीवनमा पाप र शैतानको विरुद्ध असल सचेतनासाथ संघर्ष गर्न, ५
र यस पश्चात खीष्टसाथ सबै सृष्टिमा अनन्तको लागि राज्य गर्न ।६
१. १ को. १२:१२-२७
२. प्रेरित २:१७ (योएल २:२८), १ यूहन्ना २:२७
३. मत्ती १०:३२, रोमी १०:९-१०, हिब्रू१३:१५
४. रोमी १२:१, १पत्रुस २:५, ९
५. गलाती ५:१६-१७, एफिसी ६:११, १तिमोथी १:१८-१९
६. मत्ती २५:३४, २ तिमोथी २:१२

## प्रभुको दिन १३

३३. **प्रश्नः** किन उहाँलाई परमेश्वरको "एक मात्र पुत्र" भनिन्छ
जबकी हामी पनि उहाँको छोराछोरीहरु हौं ?
**उत्तरः** किनकी खीष्ट मात्र एक अनन्त, परमेश्वरको नैसर्गिक पुत्र हुनुहुन्छ । १
हामी, यद्यपी, अनुग्रहबाट खीष्टद्वारा ग्रहण गरिएको
परमेश्वरको धर्मपुत्र वा पुत्रीको रुपमा ग्रहण गरिएका छोराछोरीहरु हौं । २
१. यूहन्ना १:१-३, १४, १८, हिब्रू १
२. यूहन्ना १:१२, रोमी ८:१४-१७, एफिसी १:५-६

३४. **प्रश्नः** तपाई किन उहाँलाई "हाम्रो प्रभु" भनि सम्बोधन गर्नुहुन्छ ?
**उत्तरः** किनकी...
सुन र चाँदीहरुले होइन्,
तर उहाँको अनमोल रगतद्वारा...१
उहाँले हामीलाई स्वतन्त्र बनाउनुभयो
पापबाट र शैतानको निरकुँशनताबाट, २
शरीर र प्राणमा,
उहाँको आफ्नै हुनलाई३
हामीलाई किन्नुभयो ।
१. १ पत्रुस १:१८-१९
२. कलस्सी १:१३-१४, हिब्रू २:१४-१५
३. १ को. ६:२०, १ तिमाथी २:५-६

## प्रभुको दिन १४

३५. **प्रश्नः** यसको अर्थ के हो कि उहाँ "पवित्रआत्माद्वारा गर्भधारण हुनुभयो
र कन्या मरियमबाट जन्मनुभयो"?
**उत्तरः** कि परमेश्वरको एक मात्र अनन्तको पुत्र
जो साँचो र अनन्त परमेश्वर, हुनुहुन्छ र हुनुहुनेछ,१
उहाँ पवित्र आत्माको कामद्वारा २
कन्या मरियमको रगत र मासुबाट, ३
एक साँचो मानविय स्वभाव आफैमा धारण गर्नुभयो,
ताकि उहाँ दाउदको साँचो सन्तान बन्न सकौं भनेर, ४
पाप बाहेक । ५ सम्पूर्ण तवरले आफ्ना दाजुभाईहरु जस्तै बन्न सकौं । ६
१. यूहन्ना १:१,१०:३०-३६, प्रेरित १३:३३ (भ.स. २:७), कलस्सी १:१५-१७, १यूहन्ना ५:२०
२. लूका १:३५
३. मत्ती १:१८-२३, यूहन्ना १:१४, गलाती ४:४, हिब्रू२:१४
४. २ समूएल ७:१२-१६, भजनसंग्रह १३२:११, मत्ती १:१, रोमी १:३
५. हिब्रू ४:१५, ७:२६-२७
६. फिलीप्पी २:७, हिब्रू२:१७

३६. **प्रश्नः** खीष्टको पवित्र गर्भधारण र जन्मले कसरी तपाईलाई लाभ पुऱ्याछ ?
**उत्तरः** उहाँ हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ, १
र उहाँको निर्दोष र सिद्ध पवित्रताद्वारा

उहाँले परमेश्वरको नजरबाट
गर्भअवस्थाबाटै भएको मेरो पाप हटाउनुहुन्छ ।२
१. १तिमोथ २:५-६, हिब्रू ९:१३-१५
२. रोमी ८:३-४, २ को. ५:२१, गलाती ४:४-५, १ पत्रुस १:१८-१९

## प्रभुको दिन १५

३७. **प्रश्न:** "दुख भोग्नुभयो" भन्ने शब्दलाई तपाई कसरी बुझ्नु हुन्छ ?
**उत्तर:** कि पृथ्वीमा रहदां उहाँको सम्पूर्ण जीवन,
अझ विषेशगरि जीवनको अन्ततिर,
उहाँको शरीर र प्राणमा
सम्पूर्ण मानव जाती बिरुद्धको परमेश्वरको क्रोध १ बोक्नुभयो ।

उहाँले यसो गर्नुभयो ताकि,
उहाँको दुखरुपी एक मात्र पवित्र प्रायश्चितको बलिदानद्वारा, २
उहाँले हाम्रो प्राण र शरीरलाई
अनन्तको यातनाबाट स्वतन्त्र तुल्याउन सकून्, ३
परमेश्वरको अनुग्रह,
धार्मिकता,
र अनन्त जीवन४
हाम्रो लागि प्राप्त गर्न सकून् ।
१. यशैया ५३, १पत्रुस २:२४, ३:१८
२. रोमी ३:२५, हिब्रू १०:१४, १यूहन्ना २:२, ४:१०
३. रोमी ८:१-४, गलाती ३:१३
४. यूहन्ना ३:१६, रोमी ३:२४-२६

३८. **प्रश्न:** उहाँले किन न्यायधीस "पन्तियस पिलातसको अधिनमा" दु:ख भोग्नु पर्‍यो ?
**उत्तर:** ताकि उहाँ, निर्दोष भएता पनि,
एक नागरिक न्यायधीशद्वारा दोषी ठहरिन सकून्, १
ताकि हामी माथि परिआउने परमेश्वरको कडा न्यायबाट
हामीलाई स्वतन्त्र बनाउन सकून् । २
१. लूका १३:२३-२४, यूहन्ना १९:४, १२-१६
२. यशैया ५३:४-५, २को.५:२१, गलाती ३:१३

३९. **प्रश्न:** के उहाँ अरु तरिकाहरुबाट मर्नुको सट्टा "क्रुसमा मर्नु" महत्वपूर्ण थियो ?
**उत्तर:** हो, यो महत्वपूर्ण छ ।
यस प्रकारको मृत्युले मलाई विश्वस्त तुल्याउछ
कि उहाले मेरा श्रापहरु काँधमा बोक्नुभयो
जुन माथि राखिएको थियो,
किनकी क्रुशमा झुण्डाइनु परमेश्वरबाट श्राप पाउनु थियो । १
१. गलाती ३:१०-१३ (व्यवस्था २१:२३)

## प्रभुको दिन १६

४०. **प्रश्नः** किन ख्रीष्टलाई मृत्युसम्मै जानु आवश्यक थियो ?
**उत्तरः** किनकी परमेश्वरको न्याय र सत्यताले यसको माग गर्दथ्यो: १
मात्र परमेश्वरको पुत्रको मृत्युले हाम्रा पापहरुको मुल्य तिर्न सक्दथ्यो ।२
१.उत्पत्ति २:१७
२. रोमी ८:३-४, फिलीप्पी २:८, हिब्रू २:९

४१. **प्रश्नः** उहाँ किन "गाडिनुभयो"?
**उत्तरः** उहाँको दफनले यो प्रमाणित गर्छ,
कि उहाँ वास्तवमै मनुभएको थियो । १
१. यशैया ५३:९, यूहन्ना १९:३८-४२, प्रेरित १३:२९, १को. १५:३-४

४२. **प्रश्नः** ख्रीष्ट हाम्रो लागि मर्नुभएता पनि,
हामीलाई मर्नु अझै किन खाँचो छ ?
**उत्तरः** हाम्रो मृत्युले हाम्रा पापहरुको ऋण तिर्दैनन् ।१
तर, यस्ले हामीले गरिरहेको पापहरुको अन्त्य गरिदिन्छ
र यो हाम्रो लागि अनन्त जीवनको प्रवेश द्धार हो । २
१. भजनसंग्रह ४९:७
२. यूहन्ना ५:२४, फिलिप्पी १:२१-२३, १ थेसलोनिकी ५:९-१०

४३. **प्रश्नः** ख्रीष्टको बलिदान रक्रुशमाथिको मृत्युबाट
हामी अरु के लाभहरु प्राप्त गर्दछौं ?
**उत्तरः** ख्रीष्टको मृत्युद्वारा
हाम्रो पुरानो स्वभावहरु क्रुशमा टांगिएकाछन्, मारिएका छन् र उहाँसगै गाडिएका छन्,१
ताकि शरीरको दुष्ट इच्छाहरुले अब उप्रान्त शासन हामीलाई शासन गर्ने छैन, २
तर यसको सट्टामा हामी आफैलाई उहाँलाई कृतज्ञताको भेटी स्वरुप समपर्ण गर्न सकौं । ३
१. रोमी ६:५-११, कलस्सी २:११-१२
२. रोमी ६:१२-१४
३. रोमी १२:१, एफिसी ५:१-२

४४. **प्रश्नः** किन विश्वासको सारले "उहाँ मृतलोकमा ओर्लनुभयो" भन्ने कुरा थपेको छ ?
**उत्तरः** मेरो आफ्नो ब्यक्तिगत संकष्ट र परिक्षामा मलाई विश्वास दिलाउन
कि ख्रीष्ट मेरो प्रभु,
विषेशगरि क्रुशमाथि तर त्यस भन्दा अघिपनि,
उहाँले आफ्नो बर्णन गर्न नसकिने वेदना, पिडा र प्राणको त्रासद्वारा,
मलाई नरकको यतना र पिडाबाट छुटाउनुभएको छ । १
१. यशैया ५३, मत्ती २६:३६-४६, २७:४५-४६, लूका २२:४४, हिब्रू ५:७-१०

## प्रभुको दिन १७

४५. **प्रश्नः** कसरी ख्रीष्टको पुनरुत्थानले हामीलाई लाभ पुऱ्याउछ ?
**उत्तरः** प्रथमत, उहाँको पुनरुत्थानद्वारा उहाँले मृत्युमाथि विजयी प्राप्त गर्नुभएको छ,
ताकि उहाँले हामीलाई धार्मिकताका भागीदार बनाउन सकून
जुन उहाँले हामीहरुको लागि उहाँको मृत्युद्वारा जित्नुभयो । १

दोस्रो, उहाँको शक्तिद्वारा हामी पनि अघिनै नयाँ जीवनमा पुनरुत्थान भैसकेका छौं ।२

तेस्रो, खीष्टको पुनरुत्थान हामीहरुको महिमीत पुनरुत्थानको निश्चयता हो ।३
१. रोमी ४:२५, १ को. १५:१६-२०, १ पत्रुस १:३-५
२. रोमी ६:५-११, एफिसी २:४-६, कलस्सी ३:१-४
३. रोमी ८:११, १को.१५:१२-२३, फिलिप्पी ३:२०-२१

## प्रभुको दिन १८

४६. **प्रश्नः** जब तपाई "उहाँ स्वर्गलोकमा चढिजानुभयो" भन्नुहुन्छ यसको अर्थ के हो ?
**उत्तरः** कि खीष्ट,
जब उहाँको चेलाहरुले हेरिरहेका थिए,
पृथ्वीबाट स्वर्गमा उचालिनुभएको थियो १
र उहाँ त्यहाँ हाम्रा भलाईको लागि रहनु हुनेछ २
उहाँ जिवीत र मृतहरुको न्याय गर्न
फेरी नआउन्जेल त्यहाँ रहनुहुनेछ ।३
१. लूका २४:५०-५१, प्रेरित १:९-११
२. रोमी ८:३४, एफिसी ४:८-१०, हिब्रू ७:२३-२५, ९:२४
३. प्रेरित १:११

४७. **प्रश्नः** तर के उहाँले हामीलाई प्रतिज्ञा गरे अनुसार
सँसारको अन्त्यसम्मै खीष्ट हाम्रो साथमा हुनुहुन्न ? १
**उत्तरः** खीष्ट साँचो मानव र साँचो परमेश्वर हुनुहुन्छ ।
उहाँको मानव स्वभावमा खीष्ट अहिले पृथ्वीमा हुनुहुन्न,२
तर उहाँको इश्वरत्वमा, ऐश्वर्यमा, अनुग्रहमा, र आत्मामा
उहाँ एक क्षण पनि हामीहरुबाट अनुपस्थित हुनुहुन्न । ३
१. मत्ती २८:२०
२. प्रेरित १:९-११, ३:१९-२१
३. मत्ती २८:१८-२०, यूहन्ना १४:१६-१९

४८. **प्रश्नः** यदि उहाँको मानवीय स्वभाव त्यहाँ अनुपस्थित हुन्छ
जहाँ उहाँको इश्वरत्व उपस्थित छ, भने,
तब के यस्ले खीष्टको दुई स्वभावहरु एक अर्कामा अलग अलग छन भन्ने बताउदैन् ?
**उत्तरः** अवश्य पनि बताउदैन ।
उहाँको ईश्वरत्वको सिमितता छैन
र सबै ठाँउहरुमा उपस्थित हुनेभएकाले, १
यो प्रत्यक्ष छ कि
खीष्टको ईश्वरत्व अवश्य पनि उहाँले धारणगर्नुभएको
मानवीय स्वभाव भन्दा बृहत छ,
तर उही समयमा उहाँको ईश्वरत्व व्यक्तिगत रहिरहन्छ
र उहाँको मानविय स्वभावसँग संयुक्त वा एक रहिरहन्छ ।२
१. यर्मिया २३:२३-२४, प्रेरित ७:४८-४९(यशैया ६६:१)
२. यूहन्ना १:१४, ३:१३, कलस्सी २:९

४९. प्रश्नः खीष्टको स्वर्गलोकको चढाईले हामीलाई कसरी लाभ पुऱ्याछ ?
उत्तरः प्रथमत, उहाँले हाम्रा विषयहरुलाई स्वर्गमा
पिताको सामुन्ने विन्ति चढाउनु हुन्छ ।१

दोस्रो, हाम्रो आफ्नै शरीर स्वर्गमा छ...
एक निश्चयता हो कि खीष्ट हाम्रो शिर
जस्ले हामीलाई, उहाँको सदस्यहरुलाई
उहाँसँगै स्वर्गमा लैजानु हुन्छ । २

तेस्रो, उहाँले आफ्नो आत्मालाई पृथ्वीमा
अझ उत्तम निश्चयताको लागि पठाउनु हुन्छ ।३
आत्माको शक्तिद्वारा
हामी हाम्रा जीवनका लक्ष्य बनाउछौं,
संसारीक कुराहरुको होइन्
तर स्वर्गीय कुराहरुको जहाँ खीष्ट हुनुहुन्छ,
र पिताको दाहिने बाहुली तर्फ विराजमान हुनुहुन्छ ।४
१. रोमी ८:३४, १यूहन्ना २:१
२. यूहन्ना १४:२, १७:२४, एफिसी २:४-६
३. यूहन्ना १४:१६, २को.१२:२१-२२, ५:५
४. कलस्सी ३:१-४

## प्रभुको दिन १९

**५०. प्रश्नः** किन अर्को शब्दहरुः
"र पिताको दाहिने बाहुलीतर्फ विराजमान हुनुहुन्छ" राखिएको ?
**उत्तरः** खीष्ट स्वर्गमा उचालिनुभयो,
त्यहाँ यो देखाउनलाई कि खीष्ट उहाँको मण्डलीको शिर हुनुहुन्छ,१
र पिताले सबैकुराहरुमा उहाँद्वारा नै शासन गर्नुहुन्छ ।२
१. एफिसी १:२०-२३, कलस्सी १:८
२. मत्ती २८:१८, यूहन्ना ५:२२-२३

५१. **प्रश्नः** खीष्ट जो हाम्रो शिर हुनुहुन्छ उहाँको महिमाले कसरी हामीलाई लाभ पुऱ्याउछ ?
**उत्तरः** प्रथमत, उहाँको पवित्र आत्माद्वारा
स्वर्गबाट उहाँले आफ्ना बरदानहरु
हामी उहाँको सदस्यहरु माथि खन्याउनु हुन्छ ।१

दोस्रो, उहाँको शक्तिद्वारा
उहाँले हामीलाई सबै शत्रुहरुबाट बचाउनु र सुरक्षित राख्नुहुन्छ ।२
१. प्रेरित २:३३, एफिसी ४:७-१२
२. भजनसंग्रह ११०:१-२, यूहन्ना १०:२७-३०, प्रकाश १९:११-१६

५२. **प्रश्नः** "जिवीत र मृतहरुलाई न्याय गर्न" आउने खीष्टको

पुर्नआगमनले कसरी तपाईलाई सान्तवना दिन्छ ?
**उत्तर:** मेरा सबै दु:ख र सतावटहरुमा
म मेरा आँखाहरुलाई स्वर्गतिर उचाल्ने छु
र विश्वाससाथ पर्खन्छु एक न्यायकर्तालाई
जसले सबैलाई न्याय गर्नुहुन्छ
जो परमेश्वरको सामु मेरो खातिर मुकद्माको लागि खडा हुनुभयो
र मेरा सबै श्रापहरुलाई म बाट हटाउनुभयो ।१
उहाँको र मेरा सबै शत्रुहरुलाई
उहाँले अनन्तको सजायको लागि दोषी ठहराउनु हुन्छः
तर म र उहाँको सबै चुनिएकाहरुलाई
उहाँले उहाँसँगै आनन्द र स्वर्गीय महिमामा लैजानुहुनेछ ।२
१. लूका २१:२८, रोमी ८:२२-२५, फिलीप्पी ३:२०-२१, तितस २:१३-१४
२. मत्ती २५:३१-४६, २ थेसलोनिकी १:६-१०

# पवित्र आत्मा परमेश्वर

## प्रभुको दिन २०

५३. **प्रश्न:** “पवित्र आत्मा”को बारेमा तपाई के विश्वास गर्नुहुन्छ ?
**उत्तर:** प्रथमत, उहाँ, पिता र पुत्र समान अनन्तको परमेश्वर हुनुहुन्छ ।१

**दोस्रो,** उहाँ मलाई ब्यक्तिगत रुपमा दिइनुभएको छ,२
जसको कारण, साँचो विश्वासद्वारा,
उहाँले मलाई खीष्ट र उहाँको सबै आशिषहरुमा हिस्सेदार बनाउनु हुन्छ,३
मलाई सान्तवना दिनुहुन्छ,४
र मसँग सदाकालको लागि रहिरहनु हुन्छ ।५
१. उत्पत्ति १:१-२, मत्ती २८:१९, प्रेरित ५:३-४
२. १ को. ६:१९, २को.१:२१-२२, गलाती ४:६
३. गलाती ३:१४
४. यूहन्ना १५:२६, प्रेरित ९:३१
५. यूहन्ना १४:१६-१७, १पत्रुस ४:१४

## प्रभुको दिन २१

५४. **प्रश्न:** “एक मात्र पवित्र विश्वव्यापी मण्डली”को बारेमा तपाई के विश्वास गर्नुहुन्छ ?
**उत्तर:** म विश्वास गर्दछु कि परमेश्वरको पुत्र
उहाँको आत्मा र बचनद्वारा, १
सबै मानव जातिहरुबाट,२
सँसारको उत्पत्ति देखि यसको अन्तसम्ममा,३
आफ्नै निमित्त एक समाज चुन्नुहुन्छ, जम्मा गर्नुहुन्छ, सुरक्षा दिनुहुन्छ, र जोगाइराख्नु हुन्छ४
जो साँचो विश्वासमा एक बनाइएका छन् । ५
र म यस समाजको एक जिवित सदस्य हुँ,६ र सधैंभरिको लागि हुनेछु ।७
१. यूहन्ना १०:१४-१६, प्रेरित २०:१८, रोमी १०:१४-१७, कलस्सी १:१८

२. उत्पत्ति२६:३ख-४, प्रकाश ५:९
३. यशैया ५९:२१, १कोरिन्थी११:२६
४. मत्ती १६:१८, यूहन्ना १०:२८-३०, रोमी ८:२८-३०, एफिसी १:३-१४
५. प्रेरित २:४२-४७, एफिसी४:१-६
६. १ यूहन्ना ३:१४, १९-२१
७. यूहन्ना १०:२७-२८, १ को.१:४-९, १ पत्रुस१:३-५

५५. **प्रश्नः** "सन्तहरुको सँगती" भन्नाले तपाई के बुझ्नु हुन्छ ?
**उत्तरः** प्रथमत, विश्वासीहरु सबै एक समान यस समाजको
सदस्यहरुको रुपमा खीष्टमा र उहाँमा भएको
सबै खजना र बरदानहरुको हिस्सेदार बन्छन् ।१

**दोस्रो,** कि प्रत्येक सदस्यहरुले यसलाई कर्तव्यको रुपमा
यी बरदानहरु तत्परता र खुशीसाथ अरु सदस्यहरुको
भलाई र बृद्धिको लागि प्रयोग गर्न सोच्नु पर्छ ।२
१. रोमी ८:३२, १ को.६:१७, १२:४-७, १२-१३, १ यूहन्ना१:३
२. रोमी १२:४-८, १को.१२:२०-२७, १३:१-७, फिलिप्पी २:४-८

५६. **प्रश्नः** "पापहरुको क्षमा"को बारेमा तपाई के विश्वास गर्नुहुन्छ ?
**उत्तरः** म विश्वास गर्छु कि परमश्वरले,
खीष्टको प्रायश्चितको बलिदानको कारण,
मेरा पापहरु कहिल्यै पनि मेरो विरुद्धमा लिनुहुने छैन,१
न त मेरा पापी स्वभावको नै लेखा लिनुहुन्छ जस्को विरुद्ध मैले मेरो जीवनकाल भरिनै सामना गर्नुपर्छ।२

बरु, उहाँको अनुग्रहमा
मलाई सदाकालको लागि न्यायबाट स्वतन्त्रता दिन
परमेश्वरले मलाई खीष्टको धार्मिकता प्रदान गर्नुहुन्छ ।३
१. भ.स.१०३:३-४, १०,१२, मीकाह ७:१८-१९, २को.५:१८-२१, १यूहन्ना१:७, २:२
२. रोमी ७:२१-२५
३. यूहन्ना ३:१७-१८, रोमी ८:१-२

## प्रभुको दिन २२

५७. **प्रश्नः** "शरीरको पुनरुत्थानले" कसरी तपाईलाई सान्तवना दिन्छ ?
**उत्तरः** यस जीवन पश्चात तत्काल मेरो प्राणमात्र खीष्ट मेरो शिर कहाँ लगिने छैन,१
तर मेरो शरीर पनि खीष्टको शक्तिद्वारा उठाइने छ,
मेरो शरीर आत्मासँग एक गराइने छ
र खीष्टको जस्तै महिमित शरीर बनाइने छ ।२
१. लूका २३:४३, फिलीप्पी १:२१-२३
२. १ को. १५:२०, ४२-४६, फिलीप्पी ३:२१, १यूहन्ना ३:२

५८. **प्रश्नः** विश्वासको सारको "अजम्मरी जीवन" भन्ने शब्दले
कसरी तपाईलाई सान्तवना दिन्छ ?

**उत्तर:** यद्यपी, मैले मेरो ह्रदयमा अघिनै
अनन्त आनन्दको महसुस गरि सकेता पनि,१
त्यसरीनै यस जीवन पश्चात पनि म
सिद्ध आनन्द मनाउने छु जस्तो कि
कुनै आँखाले कहिल्यै देखेको छैन्,
कुनै कानले सुनेको छैन्,
कुनै मानवको ह्रदयले कहिल्यै कल्पना गरेको छैन्:
यस्तो आनन्द जस्मा अनन्तकाल परमेश्वरको प्रशंसा हुनेछ ।२
१. रोमी १४:१७
२. यूहन्ना १७:३, १को. २:९

## प्रभुको दिन २३

५९. **प्रश्न:** यी सबै कुराहरुमाथिको विश्वासले तपाईलाई के भलाई गर्दछ ?
**उत्तर:** ख्रीष्ट येशूमा म परमेश्वरको सामू धर्मी छु
र अनन्त जीवनको उत्तराधिकार भएको छु ।१
१. यूहन्ना ३:३६, रोमी १:१७(हिब्रू२:४), रोमी ५:१-२

६०. **प्रश्न:** कसरी तपाइ परमेश्वरको सामु सठीक हुनुहुन्छ ?
**उत्तर:** मात्र येशू ख्रीष्ट माथिको साँचो विश्वासद्वारा । १

यद्यपी परमेश्वरको सबै आज्ञाहरु विरुद्ध मैले गम्भिर पापहरु गरेको
र यी आज्ञाहरु कहिल्यै पालन नगरेका मेरो सचेतनाले मलाई दोष लगाएता पनि,२
र सबै दुष्ट कुराहरु प्रति मेरो झुकाव रहेता पनि, ३
तथापि,
मैले पाउनुपर्ने दण्डहरुको बदला,४
उहाँको अचुक अनुग्रहबाट, ५
परमेश्वरले ख्रीष्टको सिद्ध सन्तुष्टता, धार्मिकता, र पवित्रता
ममा प्रदान गर्नुहुन्छ र हिसावमा राखिदिनु हुन्छ,६
यस्तो गरि कि मैले कहिल्यै पाप गरको छैन न त पापी नै भएको छु,
यस्तो कि म पूर्णरुपमा ख्रीष्ट झै आज्ञाकारी भएको छु ।७

अब मैले गर्नुपर्ने कुरा
मात्र परमेश्वरको उपहारलाई मेरो विश्वासपूर्ण ह्रदयले स्विकार गर्नु हो ।८
१. रोमी ३:२१-२८, गलाती २:१६, एफिसी २:८-९, फिलिप्पी ३:८-११
२. रोमी ३:९-१०
३. रोमी ७:२३
४. तितस ३:४-५
५. रोमी ३:२४, एफिसी २:८
६. रामी ४:३-५ (उत्पत्ति १५:६), २को.५:१७-१९, १यूहन्ना २:१-२
७. रोमी ४:२४-२५, २को.५:२१
८. यूहन्ना ३:१८, प्रेरित १६:३०-३१

६१. **प्रश्न:** तपाई किन भन्नु हुन्छ कि

विश्वासद्वारा मात्र परमेश्वरको सामु सठीक हुनुहुन्छ ?

**उत्तर:** मेरो विश्वास मुल्यवान भएको कारण
परमेश्वर मसँग खुशी हुनुभएको कारणले यो भएको होइन् ।
मात्र ख्रीष्टको सन्तुष्टता, धार्मीकता, र पवित्रताले
मलाई परमेश्वरको सामु सठीक बनाउछ । १
र म यो धार्मिकता प्राप्त गर्न र आफ्नो बनाउन
विश्वासद्वारा बाहेक अरु कुनै माध्यमबाट सक्दिन ।२
१. १को.१:३०-३१
२. रोमी १०:१०, १यूहन्ना ५:१०-१२

## प्रभुको दिन २४

६२. **प्रश्न:** किन हामीले गर्ने असल कामहरुले हामीलाई
परमेश्वरको अघि सठीक बनाउन सक्दैन,
अथवा, हामीलाई उहाँसँग सठीक हुन सहयोग गर्न सक्दैन ?

**उत्तर:** किनकी धार्मिकता
जो चाहि परमेश्वरको सुक्ष्म परिक्षण भएर जानुपर्छ
यो पूर्ण रुपले सिद्ध हुनुपर्दछ
र प्रत्येक तहमा इश्वरीय नियमको मापदण्ड अनुसार हुनुपर्दछ ।१
अनि हामीले यस जीवनमा गर्ने सबैभन्दा उत्तम कुराहरु पनि
असिद्ध र पापको दाग लागेका छन् ।२
१. रोमी ३:२०, गलती ३:१०, (व्यवस्था२७:२६)
२. यशैया ६४:६

६३. **प्रश्न:** तपाई कसरी भन्न सक्नुहुन्छ कि हामीले गर्ने असल कामहरुले
कुनै कुरा कमाउदैन जबकी परमेश्वरले यस्ता कामहरुको लागि
यस जीवन र आउने जीवनमा पनि इनाम दिने प्रतिज्ञा गर्नुभएको छ ? १

**उत्तर:** यस इनाम कमाइएको होइन्,
यो अनुग्रहको एउटा उपहार हो ।२
१. मत्ती ५:१२, हिब्रू ११:६
२. लूका १७:१०, २ तिमोथी ४:७-८

६४. **प्रश्न:** तर के यस शिक्षाले मानिसहरुलाई चासो नदेखाउने र दुष्ट बनाउदैन ?
**उत्तर:** अवश्य पनि बनाउदैन् ।
ख्रीष्टमा साँचो विश्वासद्वारा कलमी गरिएकाहरुका लागि
कृतज्ञताका फलहरु नफलाउनु असम्भव हुन्छ । १
१. लूका ६:४३-४५, यूहन्ना १५:५

## धार्मिक विधीहरु (साक्रामेन्ट)

### प्रभुको दिन २५

६५. **प्रश्नः** के यो विश्वासद्वारा मात्र हो
कि हामी खीष्टमा उहाँको सारा आशिषहरुमा सहभागी हुन्छौं:
त्यसो भने यो विश्वास कहाँबाट आउँछ ?
**उत्तरः** पवित्र आत्माले हाम्रो ह्रदयमा उत्पन्न गराउनु हुन्छ१
पवित्र सुसमचारको प्रचारद्वारा, २
र हामीहरुको धार्मिक विधीहरुको प्रयोगद्वारा यसलाई निश्चयता गराउनु हुन्छ ।३
१. यूहन्ना ३:५, १को. २:१०-१४, एफिसी २:८
२. रोमी १०:१७, १पत्रुस १:२३-२५
३. मत्ती २८:१९-२०, १को.१०:१६

६६. **प्रश्नः** धार्मिक विधीहरु (साक्रामेन्ट) के हुन् ?
**उत्तरः** धार्मिक विधीहरु हामीहरुले देख्नको लागि पवित्र चिन्ह र छापहरु हुन् ।
तिनीहरुको स्थापना परमेश्वरद्वारानै गरिएको हो
ता कि यिनीहरुको प्रयोगद्वारा
उहाँले हामीहरुलाई सुसमचारको प्रतिज्ञाको बारेमा
अझ स्पष्ट बुझाउन सकून्,
र ती प्रतिज्ञामा उहाँको छाप लगाउन सकून् ।१

अनि यो परमेश्वरको सुसमचारको प्रतिज्ञा हो:
अनुग्रहद्वारा मात्र
खीष्टको क्रुशमाथिको एक मात्र वलिदानको कारण
हाम्रा पापहरु गर्ने र हामीहरुलाई अनन्त जीवन दिने ।२
१. उत्पत्ति १७:११, व्यवस्था ३०:६, रोमी ४:११
२. मत्ती २६:२७-२८, प्रेरित २:३८, हिब्रू १०:१०

६७. **प्रश्नः** त्यसो हो भने के दुबै बचन र धार्मिक विधीहरु खीष्टको क्रुशमाथिको
बलिदान माथिको विश्वास नै हाम्रो विश्वासको आधार हो भनि लक्षित गर्दछ ?
**उत्तरः** अवश्य पनि ठीक हो ।

सुसमचारमा पवित्र आत्माले हामीलाई सिकाउनु हुन्छ
र पवित्र धार्मिक विधीहरुद्वारा हामीलाई निश्चय गराउनु हुन्छ
कि हाम्रो सम्पूर्ण मुक्ति
हामीहरुको लागि क्रुश माथिको खीष्टको एक मात्र बलिदानमा भर पर्दछ ।१
१. रोमी ६:३, १को. ११:२६, गलाती ३:२७

६८. **प्रश्नः** नयाँ करारमा खीष्टले कतिवटा धार्मिक विधीहरु स्थापना गर्नुभयो ?
उत्तरः बप्तिष्मा र प्रभु भोज ।१
१. मत्ती २८:१९-२०, १को.११:२३-२६

## बप्तिष्मा

### प्रभुको दिन २६

६९. **प्रश्नः** बप्तिष्माले कसरी तपाईलाई सम्झना र निश्चयता दिलाउछ कि
खीष्टको क्रुशमाथिको एक मात्र बलिदान ब्यक्तिगत रुपमा तपाईको लागि हो ?
**उत्तरः** यस प्रकारलेः
खीष्टले यस बाह्रय धुलाईको स्थापना गर्नुभयो१
र यससँगै प्रतिज्ञा दिनुभयो कि,
जसरी पानीले निश्चित रुपमा शरीरबाट फोहोर धुन्छ
त्यसैगरि उहाँको रगत र उहाँको आत्माले
मेरो आत्माको अशुद्धता अथवा अर्को शब्दमा पापहरु धुन्छन् ।२
१. पत्रुस २:३८
२. मत्ती ३:११, रोमी ६:३-१०, १पत्रुस ३:२१

७०. **प्रश्नः** खीष्टको रगत र आत्माले धोइएको भन्नुको अर्थ के हो ?
**उत्तरः** खीष्टको रगतले धोइएको अर्थ यो हो कि
क्रुशमाथि बलिदानको रुपमा मेरो निम्ति खन्याइएको
खीष्टको रगतको कारण
परमेश्वर, उहाँको अनुग्रहद्वारा, मेरा पापहरुको क्षमा गरिएका छन् ।१

खीष्टको आत्माले धोइएको भन्नुको अर्थ यो हो कि
पवित्र आत्माले मलाई नयाँ बनाउनु भएको छ
र खीष्टको सदस्य हुनलाई अलग गर्नुभएको छ
जस्ले गर्दा दिनहुँ म पापको लेखि मर्दछु
र बढ्दो रुपमा पवित्र र दोषरहित जीवन जिउछु ।२
१. जकरिया १३:१, एफिसी १:७-८,हिब्रू १२:२४, १पत्रुस १:२, प्रकाश १:५
२. इजकिएल ३६:२५-२७, यूहन्ना ३:५-८, रोमी ६:४, १को.६:११, कलस्सी २:११-१२

७१. **प्रश्नः** जसरी हामी बप्तिष्मामा पानीले धोइन्छौ
त्यसरी नै हामी उहाँको रगत र आत्माले धोइएका छौं भन्ने कुरा
खीष्टले कहाँ प्रतिज्ञा गर्नुभएको छ ?
**उत्तरः** बप्तिष्माको स्थापनामा जहाँ उहाँ भन्नु हुन्छः

“यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ,
पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिष्मा देओ ।”१

“विश्वास गर्ने र बप्तिष्मा लिनेले उद्धार पाउनेछ,
तर विश्वास नगर्ने दोषी ठहरिने छ ।”२

यस प्रतिज्ञा दोहोरिएको छ जब धर्मशास्त्रले बप्तिष्मालाई
पुर्नजन्मको स्नान ३ र
पापहरुको धुने काम भनि भन्दछ ।४

१. मत्ती २८:१९
२. मर्कूस १६:१६
३. तीतस ३:५
४. प्रेरित २२:१६

## प्रभुको दिन २७

७२. **प्रश्नः** के बाह्नय रुपमा पानीद्वारा धुईने यस कार्य आफैले सबै पापहरु धुन्छ ?
**उत्तरः** अवश्य पनि धुदैन, येशू खीष्टको रगत र पवित्र आत्माले मात्र हामीहरुलाई हामीहरुको सबै पापहरुबाट धुन्छ ।१
१. मत्ती ३:११, १पत्रुस ३:२१, १यूहन्ना १:७

७३. **प्रश्नः** त्यसो भने किन पवित्र आत्मा बप्तिष्मालाई पुर्नजन्मको स्नान र पापहरु धुने भनि भन्नुहुन्छ ?
**उत्तरः** यी शब्दहरुका लागि परमेश्वरमा असल तर्कहरु छन् ।
उहाँ हामीलाई सिकाउन चहानुहुन्छ कि
जसरी पानीले हाम्रो शरीरबाट फोहरहरु धुन्छ
त्यसरी खीष्टको रगत र आत्माले हामीहरुको पापहरु धुनुहुन्छ ।१

तर यस भन्दा पनि महत्वपूर्ण,
उहाँको दैविय प्रतिज्ञा र चिन्हद्वारा उहाँ हामीलाई निश्चिन्त गराउन चहानुहुन्छ,
कि हामीहरुको पापहरु आत्मिकी रुपमा पखालिनु चाहि
हामीहरुको शारीरीक शरीर पानीद्वारा पखालिनु जत्तिकै वास्तविक हो । २
१. १को. ६:११, प्रकाश १:५, ७:१४
२. प्रेरित २:३८, रोमी ६:३-४, गलाती ३:२७

७४. **प्रश्नः** के बाल बालिकाहरुको पनि बप्तिष्मा हुनुपर्छ ?
**उत्तरः** अवश्य पनि हुनुपर्छ ।
बाल बच्चाहरु र वयस्क सबै
परमेश्वरको करारमा छन् र उहाँका मानिसहरु हुन् ।१
खीष्टको रगतद्वाराको क्षमादान र पवित्र आत्मा जसले विश्वास उत्पन्न गराउनु हुन्छ
यसमा, उनीहरु, वयस्कहरु भन्दा कुनै रितीले कम छैनन् ।२
त्यसकारण, बप्तिष्माद्वारा, जो करारको एक चिन्ह हो,
यसलाई खीष्टिय मण्डलीमा बाल बच्चाहरुले प्राप्त गर्नुपर्छ
अनि अविश्वासीहरुको बाल बच्चाहरु देखि भिन्न गराइनु पर्छ ।३
यस कार्य पुरानो करारमा खतनाद्वारा गर्ने गरिन्थ्यो,४
जुन चाहि नयाँ करारमा बप्तिष्माद्वारा स्थापित गरिएको छ । ५
१. उत्पत्ति १७:७, मत्ती१९:१४
२. यशैया ४४:१-३, प्रेरित २:३८-३९, १६:३१
३. प्रेरित १०:४७, १को.७:१४
४. उत्पत्ति १७:९-१४
५. कलस्सी २:११-१३

## प्रभु भोज

### प्रभुको दिन २८

७५. **प्रश्नः** प्रभु भोजले तपाईलाई कसरी सम्झना र निश्चयता दिलाउछ कि
खीष्टको क्रुशमाथिको एक बलिदान र उहाँका सबै बरदानहरुमा तपाई हिस्सेदार हुनुहुन्छ ?
**उत्तरः** यस प्रकारलेः
यस तोडिएको रोटी खान र यस कचौराबाट पिउन
खीष्टले मलाई र सबै विश्वासीहरुलाई आज्ञा दिनुभएको छ ।
यस आज्ञाको साथै उहाँले यो प्रतिज्ञा दिनुभएको छः१

पहिलो,
जसरी म मेरा आँखाहरुले देख्दछु
प्रभुको रोटी मेरो निम्ति तोडिएको
र कचौरा मेरो निम्ति दिइएको,
यसरीनै अवश्यपनि
उहाँको शरीर मेरो निम्ति दिइएको र तोडिएको थियो
र उहाँको रगत मेरो निम्ति क्रुशमाथि खन्याइएको थियो ।

दोस्रो,
जसरी सेवकको हातबाट म प्रभुको रोटी र कचौरा प्राप्त गर्दछु,
र मेरा मुखले यस्को स्वाद लिनेछ जुनचाहि
खीष्टको शरीर र रगतको साँचो चिन्हको रुपमा मलाई दिइएको छ
यसरीनै अवश्यपनि
उहाँको क्रुशमा झुण्डियाइको शरीर र खन्याइएको रगतद्वारा
उहाँले मेरो प्राणलाई अनन्त जीवनको लागि पोषिण र ताजगी दिनुहुन्छ ।
१. मत्ती २६:२६-२८, मर्कूस १४:२२-२४, लूका २२:१९-२०, १ को. ११:२३-२५

७६. **प्रश्नः** क्रुशमा झुण्डियाइएको खीष्टको शरीर खानु
र उहाँको खन्याइएको रगत पिउनु भन्नुको अर्थ के हो ?
**उत्तरः** यसको अर्थ हो,
खीष्टको सम्पूर्ण दुःख र मृत्युलाई विश्वासपूर्ण ह्रदयले स्विकार गर्नु
र विश्वास गरी पापहरुको क्षमादान र अनन्त जीवन प्राप्ती गर्नु हो।१

तर यसको अर्थ अझै बृहत छ ।
पवित्र आत्माद्वारा, जो खीष्ट र हामी दुबैमा बास गर्नुहुन्छ,
हामी खीष्टको धन्य शरीरमा झन झन बढ्ता गरि मिलाइएको छौं ।२
र त्यसैले, यद्यपी उहाँ स्वर्गमा ३ र हामी पृथ्वीमा भएता पनि,
हामी उहाँको शरीरको शरीर र हाडको हाडहरु हौं ।४
र हामी सधैंभरि जीउछौं र एक प्राणद्वारा सन्चालित हुन्छौं,
जसरी हामीहरुका शरीरका सदस्यहरु एक प्राणद्वारा सन्चालित हुन्छन् ।५
१. यूहन्ना ६:३५, ४०, ५०-५४
२. यूहन्ना ६:५५-५६, १को. १२:१३

३. प्रेरित १:९-११, १को.११:२६, कलस्सी ३:१
४. १ को. ६:१५-१७, एफिसी ५:२९-३०, १ यूहन्ना ४:१३
५. यूहन्ना ६:५६-५८, १५:१-६, एफिसी ४:१५-१६, १ यूहन्ना ३:२४

७७. **प्रश्नः** जब जब विश्वासीहरुले यस तोडिएको रोटी
र यस कचौरा पिउछन् तब ख्रीष्टले कहाँ उनीहरुलाई
आफ्नो शरीर र रगतद्वारा पोषिण र ताजगी दिने प्रतिज्ञा गर्नुभएको छ ?

उत्तरः प्रभु भोजनको प्रथामा प्रतिज्ञा गर्नुभएको छः

“जुन रात प्रभु येशू पक्राउ पर्नुभयो,
त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि
उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो,
यो तिमीहरुका निम्ति मेरो शरीर हो,
यो मेरो सम्झनामा गर्ने गर ।’
त्यसै गरी, खाएपछि उहाँले कचौरा लिएर भन्नुभयो,
यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो,
जब जब तिमीहरु यो पिउँछौं,
मेरो सम्झनामा यो अक्सर गर्ने गर ।’
किनभने जहिले जहिले तिमीहरु यो रोटी खान्छौं र यस कचौराबाट पिउँछौं,
उहाँ नआउञ्जेल तिमीहरु
प्रभुको मृत्युको घोषणा गर्दछौं ।”१

यस प्रतिज्ञा पावलले यी शब्दहरुमा दोहोर्‍याउदछन्:

“जुन आशिष्का कचौराको निम्ति हामी आशिष् माग्छौं,
के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र ?
र त्यो रोटी जो हामी भाच्छौं,
के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र ?
रोटी एउटै हो, यसकारण धेरै भएता पनि हामी एउटै शरीर हौं,
किनकी हामी सबै एउटै रोटीबाट खान्छौं ।२
१. १ को. ११:२३-२६
२. १ को. १०:१६-१७

## प्रभुको दिन २९

७८. **प्रश्नः** के रोटी र दाखमद्य
ख्रीष्टको साँचो शरीर र रगतमा परिणत हुन्छन् ?
**उत्तरः** अहँ, हुदैन ।
जसरी बप्तिष्माको पानी
ख्रीष्टको रगतमा परिणत हुदैन र पानी आफैले पापहरु धुदैन
तर यो त परमेश्वरको केवल चिन्ह र निश्चयता मात्र हो,१
ठीक त्यसैगरी प्रभु भोजको रोटी पनि

खीष्टको साँचो शरीरमा परिणत हुदैन२
यद्यपी धार्मिक विधीको स्वभाव र भाषामा
यस्लाई खीष्टको शरीर भनि भनिएता पनि ।३
१. एफिसी ५:२६, तितस ३:५
२. मत्ती २६:२६-२९
३. १ को. १०:१६-१७, ११:२६-२८
४. उत्पत्ति १७:१०-११, प्रस्थान १२:११, १३, १को. १०:१-४

७९. **प्रश्नः** त्यसो भने किन खीष्टले
रोटीलाई उहाँको शरीर
र कचौरालाई उहाँको रगत भनि भन्नुभयो,
अथवा उहाँको रगतमा भएको नयाँ करार ?
( पावलले खीष्टको शरीर र रगतमा सहभागी हुने भनि शब्दहरु प्रयोग गर्छन्)

**उत्तरः** यी शब्दहरु भन्नुमा येशूसँग असल कारणहरु छन् ।
उहाँ हामीलाई सिकाउन चहानु हुन्छ कि
जसरी रोटी र दाखमद्यले हाम्रो क्षणिक शरीरलाई पोस्दछ,
त्यसरीनै क्रुशमा झुण्डियाइएको शरीर र खन्याइएको रगतले
हामीहरुको प्राणलाई साच्चैनै अनन्तको लागि पोस्दछ ।१

यो भन्दा पनि अति महत्वपूर्ण,
उहाँ हामीहरुलाई यस देखिने चिन्ह र प्रतिज्ञाद्धारा निश्चिन्त गराउन चहानुहुन्छ,
जब हाम्रा मुखहरुले यी पवित्र चिन्हहरु उहाँको सम्झना स्वरुप प्राप्त गर्दछन्२
कि हामी, पवित्र आत्माको कार्यहरुद्वारा,
उहाँको साचो शरीर र रगतमा हिस्सेदार हुन्छौं,
र उहाँका सबै दुःख र आज्ञाकारीताहरु
नितान्त ब्यक्तिगत रुपमा हाम्रा भएका छन्
यस्तो गरी कि
हामीले नै यी दुःखहरु भोग्यो र हाम्रा पापहरुका लागि मुल्य तिर्‍यौं ।३
१. यूहन्ना ६:५१, ५५
२. १ को. १०:१६-१७, ११:२६
३. रोमी ६:५-११

## प्रभुको दिन ३०

८०. **प्रश्नः** प्रभुभोज रोमन क्याथोलिकहरुको मास भन्दा कसरी भिन्न छ ?
उत्तरः प्रभुभोजले हामीलाई घोषणा गर्छ
कि येशू खीष्टको एक बदिानद्वारा
हाम्रा पापहरु पूर्णरुपमा क्षमा भएका छन्
जुन चाहि उहाँले क्रुशमा सधैंको निम्ति एकैपल्टमा पुरा गरिदिनुभयो ।१
यसले हामीलाई यो पनि घोषणा गर्दछ
कि पवित्र आत्माले हामीलाई खीष्टमा कलमी (एउटै) गर्नुहुन्छ,२
जो आफ्नो शरीर सहित
स्वर्गमा पिताको दाहिने हात तर्फ विराजमान हुनुहुन्छ३

यथास्थितीमा नै हामीले उहाँलाई आराधना गरेको उहाँ चहानु हुन्छ ।४

तर मासले सिकाउदछ
पुजाहारीले दैनिक रुपमा मानिसहरुलाई खीष्ट प्रदान नगरेसम्म
कि जिवीत र मृत
कसैको पनि येशू खीष्टको दुःखद्धारा पाप क्षमा भएको हुदैन् ।
यस्‌ले यो पनि सिकाउछ
कि खीष्ट रोटी र दाखमद्यको रुपमा
शारीक रुपमा उपस्थित हुनुहुन्छ
त्यसैकारण खीष्टलाई यथास्थितीमानै आराधना गर्नुपर्दछ ।
यसकारण मास आधारभूत रुपमा
येशू खीष्टको बलिदान र दुःखलाई इन्कार गर्ने
एउटा घृणित मुर्तिपुजा हो ।
१. यूहन्ना ९:३०, हिब्रू७:२७, ९:१२, २५-२६, १०:१०-१८
२. १को. ६:१७, १०:१६-१७
३. प्रेरित ७:५५-५६, हिब्रू १:३, ८:१
४. मत्ती ६:२०-२१, यूहन्ना ४:२१-२४, फिलिप्पी ३:२०, कलस्सी ३:१-३

८१. **प्रश्नः** प्रभुको टेबिलमा कस् कस्‌ले भाग लिन सक्छ ?
**उत्तरः** ती जो आफ्‌ना पापहरुको कारण आफैसँग दुखित छन्,
तथापी उनीहरु भरोसा गर्छन
कि खीष्टको दुःख र मृत्युद्वारा
उनीहरुको पाप क्षमा भएका छन्
र उनीहरुका नियमीत कमी कम्‌जोरीहरु ढाकिएका छन्,
र ती ब्यक्तिहरु जो दिनहुँ उनीहरुको विश्वास बलियो बनाउन
र असल जीवन ब्यतित गर्न  इच्छा गर्छन् ।

पखाण्डी र ती ब्यक्तिहरु जो अपश्चतापी छन्, यद्यपी,
प्रभुको टेबिल खाने र पिउनाले आफैमाथि न्याय ल्याउछन् ।१
१. १ को. १०:१९-२२, ११:२६-३२

८२. **प्रश्नः** ती ब्यक्तिहरु जो आफ्‌नो बोल्ने कुरा र गर्ने क्रियाकलापहरुद्वारा
तिनीहरु अविश्वासी र इश्वरहीन छन् भन्ने देखाउछन् ती ब्यक्तिहरुलाई
के प्रभुभोजमा अनुमति दिइनु हुन्छ ?
**उत्तरः** अवश्य पनि दिइनु हुन्न। यसले परमेश्वरको करार प्रति असम्मान
र सम्पूर्ण मण्डली परिवारमाथि परमेश्वरको क्रोध ल्याउदछ ।१
त्यसैले, खीष्ट र उहाँका चेलाहरुको शिक्षाहरु अनुसार,
परमेश्वरको राज्यको आधिकारीक साचोहरुद्वारा,
यस्ता ब्यक्तिहरुले आफ्‌नो जीवनमा सुधार नल्याएसम्म
खीष्टिय मण्डली यस्ता मानिसहरुलाई बहिष्कार गर्न कर्तब्य निष्ठ हुनुपर्छ ।
१. १को. ११:१७-३२, भजनसँग्रह ५०:१४-१६, यशैया १:११-१७

८३. **प्रश्नः** राज्यका साँचोहरु के के हुन् ?
**उत्तरः** पवित्र सुसमचारको प्रचार

र पश्चतापमा डोऱ्याउने खीष्टिय अनुशासन ।
दुबै प्रचार र अनुशासनहरुले
विश्वासीहरुको लागि स्वर्गको राज्य खोल्दछ
र अविश्वासीहरुको लागि भने बन्द गर्दछ ।१
१. मत्ती १६:१९, यूहन्ना २०:२२-२३

८४. **प्रश्नः** सुसमचार प्रचारले कसरी स्वर्गको राज्य
खोल्ने र बन्द गर्ने गर्दछ ?
**उत्तरः** खीष्टको आज्ञा अनुसारः

स्वर्गीय राज्य सबै विश्वासीहरु, व्यक्तिहरुलाई खुल्ला गरिएको छ
जसले खुल्ला र सार्वजानिक रुपमा बताइएको सुसमचारको प्रतिज्ञालाई साँचो
विश्वासद्वारा ग्रहण गर्छन्,
अनि, परमेश्वरले, उनीहरुको सम्पूर्ण पापहरुलाई खीष्टले गर्नुभएको कामको
कारण साँचोरुपमा क्षमा गर्नुहुन्छ ।

यद्यपी, स्वर्गको राज्य सुसमचार सार्वजानिक रुपमा घोषणा र बताएर
सबै अविश्वासीहरु र ढोंगीहरुको लागी बन्द गरिएको छ
जबसम्म उनीहरु पश्चताप गर्दैनन्,
परमेश्वरको क्रोध र अन्ततको दण्ड उनीहरुमाथि आईपर्नेछ ।

परमेश्वरको न्याय, यस जीवन र आउने जीवन दुबैमा,
सुसमचारको गवाहीमा आधारित छ ।१
१. मत्ती १६:१९, यूहन्ना ३:३१-३६, २०:२१-२३

८५. **प्रश्नः** स्वर्गको राज्य कसरी खीष्टिय अनुशासनद्वारा
खुल्ला र बन्द गरिन्छ ?
उत्तरः खीष्टको आज्ञा अनुरुपः

तिनीहरु जो, आफैलाई खीष्टियनहरु हुँ भनि भन्छन्,
अखीष्टियन शिक्षाहरु स्विकार गर्छन वा अखीष्टिय जीवनहरु जिउछन्,
अनि बारम्बारको सहानुभूतिपूर्वक सरसल्लाह बाबजूत
उनीहरुको गल्तीहरु र दुष्कर्महरु छाड्न इन्कार गर्छन्,
अनि यी कुराहरु मण्डली, यसका पदधारीलाई जानकारी पश्चात पनि,
उनीहरुको घृणित कामहरुको प्रतिक्रिया दिन इन्कार गर्छन्,
यस्ता व्यक्तिहरुलाई पदाधिकारीहरुले उनीहरुलाई साक्रामेन्टमा समावेश हुन नदिएर
खीष्टिय सँगतीबाट बहिष्कार गरिदिन्छन्,
अनि परमेश्वर स्वयंमले तिनीहरुलाई खीष्टको राज्यबाट बहिष्कार गर्नुहुनेछ ।१

यस्ता व्यक्तिहरु,
जब साँचो परिवर्तन देखाएर प्रतिज्ञा सहित आउछन्,
खीष्ट अनि उहाँको मण्डलीको सदस्यहरुको रुपमा पुन स्विकार गरिन्छन् । २

१. मत्ती १८:१५-२०, १को.५:३-५, ११-१३, २थे.३:१४-१५
२. लूका १५:२०-२४, २को.२:६-११

## भाग ३: कृतज्ञता

### प्रभुको दिन ३२

८६. **प्रश्न:** परमेश्वरको अनुग्रहबाट मात्र येशू खीष्टद्वारा
हामी हाम्रा दुर्गतीबाट छुटकारा पाएका छौं
र हामीले यसलाई कमाएका होइनौं:
त्यसो भने हामीले किन अझै असल काम गर्नु पर्छ ?

**उत्तर:** निश्चिन्त हुन, कि खीष्टले हामीलाई उहाँको रगतद्वारा उद्धार दिनुभएको छ ।
अनि हामी असल काम गर्छौं किनकी
खीष्ट आफ्नो आत्माद्वारा हामीलाई उहाँजस्तै हुनलाई नविकरण पनि गरिरहनु भएको छ,
जसले गर्दा हाम्रो जीवन शैलीद्वारा
उहाँले हाम्रो लागी गर्नुभएको सबै कुराहरुको लागी
हामी परमेश्वर प्रति धन्यबादी छौं भनि देखाउन सकौं, १
र उहाँ हामीद्वारा प्रशँसित हुनुभएको होस् । २

र हामी असल काम गर्छौं
ताकि हामी हाम्रा फलहरुद्वारा हाम्रो विश्वास प्रति निश्चिन्त हुन सकौं,३
र हाम्रो धर्मपरायण जीवनद्वारा
हाम्र छिमेकीहरु पनि खीष्टमा आउन सकून् ।४
१. रोमी ६:१३, १२:१-२, १पत्रुस २:५-१०
२. मत्ती ५:१६, १ को. ६:१९-२०
३. मत्ती ७:१७-१८, गलाती ५:२२-२४, २ पत्रुस १:१०-११
४. मत्ती ५:१४-१६, रोमी १४:१७-१९, १ पत्रुस २:१२, ३:१-२

८७. **प्रश्न:** ती ब्यक्तिहरु जो अकृतज्ञी छन्
र आफ्नो दुश्कर्मबाट परमेश्वरमा फर्कँदैनन्
के उनीहरु बचाइन्छन् ?
**उत्तर:** कुनै पनि हालतमा बचाइने छैनन् ।
धर्मशास्त्रले हामीलाई बताउदछ कि
कुनै पनि चरित्र चोखो नभएको ब्यक्ति,
कुनै पनि मुर्तिपुजक, ब्यविचारी, चोर,
कुनै पनि ईर्ष्यालु ब्यक्ति,
कुनै पनि मतवाला, हत्यारा, डकैती गर्ने,
अथवा यस्तै अरु
परमेश्वरको राज्यको हकदार हुनेछैन् ।1
१. १को.६:९-१०, गलाती ५:१९-२१, एफिसी ५:1-२०, १ यूहन्ना ३:१४

## प्रभुको दिन ३३

८८. **प्रश्नः** साँचो पश्चताप र ह्दय परिवर्तनमा के कुरा समावेश हुन्छ ?
**उत्तरः** दुई कुराहरुः
पुरानो मानवत्व (स्वभाव) मरेर जानु,
र नयाँ जीवनमा प्रवेश गर्नु ।१
१. रोमी ६:१-११, २को. ५:१७, एफिसी ४:२२-२४, कलस्सी ३:५-१०

८९. **प्रश्नः** पुरानो मानवत्व (स्वभाव) मर्नु भनेको के हो ?
**उत्तरः** यो आफ्ना पापहरु प्रति साँचो रुपमा दुखित हुनु हो,
यस्ता पापहरुलाई दिनहुँ बढ्ता गरि घृणा गर्नु
र यस पापबाट फर्कनु हो ।१
१. भजनसँग्रह ५१:३-४, १७, योएल २:१२-१३, रोमी ८:१२-१३, २को. ७:१०

९०. **प्रश्नः** नयाँ जीवनमा प्रवेश गर्नु भनेको के हो ?
**उत्तरः** यो ख्रीष्टद्वारा परमेश्वरमा सम्पूर्ण ह्दय देखिको आनन्द हो१
र परमेश्वरले हामीबाट चहाने हरेक असल कार्यहरु गर्न खुशी हुनु हो ।२
१. भजनसँग्रह ५१:८, १२, यशैया ५७:१५, रोमी ५:१, १४:१७
२. रोमी ६:१०-११, गलाती २:२०

९१. **प्रश्नः** हामी त्यस्ता के असल कामहरु गर्छौं ?
**उत्तरः** मात्र ती कामहरु
जुन साँचो विश्वासद्वारा उत्पन्न हुन्छन्,१
परमेश्वरको ब्यवस्था अनुरुप छन्,२
र उहाँको महिमाको लागी गरिन्छ,३
तर हामीको असल विचारमा
वा मानव परम्परामा आधारित पनि होइन् ।४
१. यूहन्ना १५:५, हिब्रु ११:६
२. लेवी १८:४, १ समूएल १५:२२, एफिसी २:१०
३. १ को. १०:३१
४. ब्यवस्था १२:३२, यशैया २९:१३, इजकिएल २०:१८-१९, मत्ती १५:७-९

## प्रभुको दिन ३४

९२. **प्रश्नः** प्रभुले ब्यवस्थामा के भन्नुभएको छ ?
**उत्तरः** परमेश्वरले यी सबै बचनहरु बोल्नुभयोः

"पहिलो आज्ञा"
म परमप्रभु तिमीहरुका परमेश्वर हुँ,
जसले तिमीहरुलाई मिश्र देश
अर्थात दासत्वको देशबाट निकालेर ल्याएँ ।
मबाहेक अरु कुनै देवता-देवीहरु नमान्नू ।

“दोस्रो आज्ञा”
आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनु,
माथि आकाश अथवा तल पृथ्वी
वा तल पानीमा भएको कुनै कुराको आकारको
प्रतिमूर्ति नबानाउनू ।
तिनीहरका सामु ननिहुरनु, तिनीहरको पुजा नगर्नू,
किनकी म परमप्रभु तिमीहरुको परमेश्वर
डाह गर्ने परमेश्वर हुँ ।
मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड
उनीहरुका सन्तानहरुका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,
तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरु पालन गर्नेहरुका
हजारौं पुस्तामाथि म कृपा गर्नेछु ।

“तेस्रो आज्ञा”
परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनु,
किनकी उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभु निरपराध ठहराउनुहुनेछैन् ।

“चौथो आज्ञा”
शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू ।
छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू,
तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति शबाथ दिन हो ।
त्यस तिमीहरुले केही काम नगर्नू,
नता आफ्नो छोराले, न छोरीले,
न कमरा कमारीले, न गाईबस्तुले,
न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् ।
किनकी छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुन्द्र र
तिनमा भएका सबैथोक बनाउनुभयो,
तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो ।
त्यसकारण परमप्रभुले शबाथ दिनलाई
आशिष दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो ।

“पाचौं आज्ञा”
आफ्ना बाबु र आमलाई आदर गर,
कि जुन देश तिमीहरुलाई परमप्रभु
आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरुको आयु लामो होस् ।

“छैठौं आज्ञा”
हत्या नगर्नु ।

“सातौं आज्ञा”
व्यभिचार नगर्नु ।

“आठौं आज्ञा”
चोरी नगर्नु ।

“नवौं आज्ञा”
आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनू ।
“दशौं आज्ञा”
आफ्नो छिमेकीको घरको लालच नगर्नु।
आफ्नो छिमेकीको स्वास्नीको लालच नगर्नू,
आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा
वा त्यसको कुनै पनि थोकको लालच नगर्नू ।१
१. प्रस्थान २०:१-१७, व्यवस्था ५:६-२१

९३. **प्रश्नः** यी आज्ञाहरुलाई कसरी विभाजित गरिएका छन् ?
**उत्तरः** दुई भागहरुमाः
पहिलो भागमा पहिलो चार आज्ञाहरु छन्,
जसले हामीहरुको सम्बन्ध परमेश्वरसँग कस्तो हुनुपर्छ भनि सिकाउछ ।
दोस्रो भागमा बाँकी छ आज्ञाहरु छन्,
जसले हामीहरुको सम्बन्ध छिमेकीसँग कस्तो हुनुपर्छ भनि सिकाउछ ।१
१. मत्ती २२:३७-३९

९४. **प्रश्नः** पहिलो आज्ञामा प्रभुले के माग गर्नुहुन्छ ?
**उत्तरः** कि म, आफ्नो मुक्तिलाई खतरामा पार्ने चहाना नगरी
सबै मुर्तिपुजा,१ तन्त्रमन्त्र, अन्धविश्वासका विधीहरु,२
र सन्तहरुलाई वा अरु सृष्टिहरुलाई३ प्रार्थना चढाउन देखि
इन्कार र परै बस्नेछु ।

कि म इमान्दारीता पूर्वक एक सत्य परमेश्वर हुनुहुन्छ भनि मानिलिनेछु,४
केबल उहाँमा मात्र भरोसा गर्ने छु,५
हरेक असल कुराको निम्ति उहाँलाई हेर्नेछु६
मेरो सम्पूर्ण हृदयबाट
नम्रतापूर्वक७ र धैर्यतासाथ८
उहाँलाई प्रेम गर्नेछु,९ उहाँको भय१० मान्नेछु, र उहाँको आदर११ गर्नेछु ।१२

छोटकरीमा,
उहाँको इच्छाको विपरीत कुनै पनि तहबाट जानुभन्दा
बरु म कुनै पनि कुराहरुलाई त्याग्ने छु ।
१. १को.६:९-१०, १०:५-१४, १यूहन्ना ५:२१
२. लेवी १९:३१, व्यवस्था १८:९-१२
३. मत्ती ४:१०, प्रकाश १९:१०, २२:८-९
४. यूहन्ना १७:३
५. यर्मिया १७:५, ७
६. भजनसँग्रह १०४:२७-२८, याकूब १:१७
७. १ पत्रुस ५:५-६
८. कलस्सी १:११, हिब्रु१०:३६

९. मत्ती २२:३७, (व्यवस्था ६:५)
१०. हितोपदेश ९:१०, १पत्रुस १:१७
११. मत्ती ४:१०, (व्यवस्था ६:१३)
१२. मत्ती ५:२९-३०, १०:३७-३९

९५. **प्रश्नः** मुर्तिपुजा के हो ?
**उत्तरः** मुर्तिपुजा भनेको आफ्नो बचनमा आफैलाई प्रकाशीत गर्नुभएको
साँचो परमेश्वर बाहेक वा उहाँ साथै
त्यस्ता अरु कुरा अंगाल्नु वा अविश्कार गर्नु हो जसमा उस्ले भरोसा गर्दछ ।१
१. १ इतिहास १६:२६, गलाती ४:८-९, एफिसी ५:५, फिलीप्पी ३:१९

## प्रभुको दिन ३५

९६. **प्रश्नः** दोस्रो आज्ञामा हामीहरुको लागि परमेश्वरको इच्छा के हो ?
**उत्तरः** ताकि कुनै पनि हालतमा हामी परमेश्वरको प्रतिमूर्ति नबनाऔं१
न त उहाँको बचनमा आज्ञा गरिएभन्दा बाहेक
कुनै पनि अरु माध्यमद्वारा उहाँलाई आराधना गरौं ।२
१.व्यवस्था ४:१५-१९, यशैया ४०:१८-२५, प्रेरित १७:२९, रोमी १:२२-२३
२. लेवी १०:१-७, १समूएल १५:२२-२३, यूहन्ना ४:२२-२३

९७. **प्रश्नः** त्यसो भने के हामी कुनै पनि प्रतिमूर्ति बनाउन सक्दैनौं ?
**उत्तरः** कुनै पनि तरिकाहरुद्वारा परमेश्वरलाई
दृषित चित्रांकन गर्न सकिदैन र गर्न पनि हुदैन् ।

यद्यपी सृष्टिहरुको चित्रांकन गर्न सकिएता पनि,
यिनीहरुलाई आराधना गर्ने
वा परमेश्वरलाई यिनीहरुको माध्यमद्वारा सेवा गर्ने
अभिप्रायले बनाइएका छन् भने परमेश्वर यस्ता प्रतिमूर्तिहरु
बनाउन निषेश गर्नुहुन्छ ।१
१. प्रस्थान ३४:१३-१४, १७, २राजा १८:४-५

९८. **प्रश्नः** तर के प्रतिमूर्तिहरुलाई मण्डलीहरुमा
अशिक्षितहरुलाई सिकाउन शिक्षण औजारको रुपमा प्रयोग गर्न अनुमती दिन सकिन्न ?
**उत्तरः** अहँ सकिदैन, हामी परमेश्वर भन्दा बुद्धिमान हुन खोज्नु हुदैन् ।
उहाँ आफ्ना मानिसहरु जिवित बचनको प्रचारद्वारा सिकाइएको चहानुहुन्छ१
तर मूर्तिहरु जो बोल्न पनि सक्दैनन यिनीहरुद्वारा होइन् ।२
१. रोमी १०:१४-१५, १७, २तिमोथी३:१६-१७, २पत्रुस१:१९
२. यर्मिया १०:८, हिब्रू २:१८-२०

## प्रभुको दिन ३६

९९. **प्रश्नः** तेस्रो आज्ञामा हामीहरुको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तरः** कि न त हामी उहाँलाई श्रापेर,१ झुटो कसम खाएर,२ वा अनावश्यक भाकलहरु गरेर,

ईश्वर निन्दा गरौं वा परमेश्वरको नाउ दुरुपयोग गरौं,
न त यस्ता कुराहरुप्रति मुकदर्शक बनि यस्ता जघन्य पापहरुको
हिस्सेदार बनौं भनि परमेश्वर चहानु हुन्छ ।

अको शब्दमा, यसले माग गर्दछ कि
हामी परमेश्वरको पवित्र नाउ आदर र भयसाथ मात्र प्रयोग गरौं,५
ताकि हामी उहाँलाई उचित ढंगले स्विकार गर्न सकौं,६
उहाँलाई प्रार्थना गर्न सकौं,७
र हामीले गर्ने र भन्ने प्रत्येक कुराबाट उहाँको प्रशँसा गर्ने गरौं भन्ने उहाँ चहानु हुन्छ ।८
१. लेवी २४:१०-१७
२. लेवी १९:१२
३. मत्ती ५:३७, याकूब ५:१२
४. लेवी ५:१, हितोपदेश २९:२४
५. भजनसँग्रह ९९:१-५, यर्मिया ४:२
६. मत्ती १०:३२-३३, रोमी १०:९-१०
७. भजनसँग्रह ५०:१४-१५, १तिमोथी२:८
८. कलस्सी ३:१७

१००. **प्रश्नः** के परमेश्वरको नाउमा श्रापेर र कसम खाएर गरिने इश्वर निन्दा
साच्चिनै गम्भिर पाप हो अनि
जसले यस्ता कुराहरुलाई रोक्न र मनाही गर्न सकेर पनि गर्दैनन्
के उनीहरुप्रति पनि  परमेश्वर क्रोधित हुनुहुन्छ ?
**उत्तरः** हो, अवश्य पनि यो गम्भिर पाप हो ।१
कुनै पनि पाप यस् पाप भन्दा ठूलो छैन्,
उहाँको नाउँको निन्दा गर्ने पापले भन्दा
अरु कुनै पापले परमेश्वरलाई बढि क्रोधित बनाउदैन् ।
त्यसैले उहाँले यस्ता पापहरुको विरुद्ध मृत्यु सजायको आज्ञा दिनुभयो ।२
१. लेवी ५:१
२. लेवी २४:१०-१७

## प्रभुको दिन ३७

१०१. **प्रश्नः** तर यदि हामी आदरतापूर्वक गर्छौंभने के हामी परमेश्वरको नाउमा शपथ खान सक्छौं ?
**उत्तरः** हो, जब सरकारले यस्को माग गर्दछ,
अथवा परिस्थितीहरुले यसको माग गर्दछ,
तब सत्य र सत्यतालाई बढवा दिन
र परमेश्वरको महिमा र हाम्रा छिमेकीहरुको भलाईको लागी
हामी परमेश्वरको नाउमा सपथ खान सक्छौं ।

यस्ता शपथहरु परमेश्वरको बचनमा स्विकृत गरिएका छन्१
र नयाँ र पुरानो करारका विश्वासीहरुले उचित ढँगले प्रयोग गरेका थिए ।२
१. व्यवस्था ६:१३, १०:२०, यर्मिया ४:१-२, हिब्रू ६:१६
२. उत्पत्ति २१:२४, यहोशू ९:१५, १ राजाहरु १:२९-३०, रोमी १:९, २को.१:२३

१०२. **प्रश्न:** के हामी सन्तहरु र अरु प्राणीहरुको नाउमा सपथ खान सक्छौं ?
**उत्तर:** अहँ सक्दैनौं।
सपथको एक बैधतापूर्ण अर्थ भनेको,
परमेश्वर मेरो सत्यताको गवाही दिन मेरो ह्रदयलाई जान्नु हुन्छ
र यदि मैले झुटो सपथ खाँए भने मलाई दण्ड दिनुहुन्छ भनि परमेश्वरको नाउ पुर्कानु हो ।१
अनि कुनै पनि प्राणी यस प्रकारको सम्मानको योग्यको छैन ।२
१. रोमी ९:१, २को.१:२३
२. मत्ती ५:३४-३७, २३:१६-२२, याकूब ५:१२

## प्रभुको दिन ३८

१०३. **प्रश्न:** चौथो आज्ञामा तपाईको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तर:** पहिलो,
कि सुसमचारको सेवाकाई र यसका शिक्षाहरुको संरक्षित होस्,१
अनि विषेशगरि विश्राम दिनको उत्सवमा,
म परमेश्वरका जनहरुको सभामा नियमित सहभागी होउ२
परमेश्वरको वचनले के सिकाउछ सिक्न,३
धार्मिक विधीहरमा सहभागी हुन,४
परमेश्वरलाई सामूहिक प्रार्थना चढाउन,५
र खीष्टिय भेटीहरु गरिबहरुका सामु पुऱ्याउन ।६

दोस्रो,
कि मेरो जीवनको प्रत्येक दिन
म मेरा दुष्ट बाटोहरुबाट विश्राम लिउ
अनि अनन्त विश्राम जो यस जीवनमा अघिबाटै थालनी गर्न
प्रभु उहाँको आत्माद्वारा ममा काम गरुन् ७
१. व्यवस्था ६:४-९, २०-२५, १को.९:१३-१४, २तिमोथी २:२, ३:१३-१७, तितस १:५
२. व्यवस्था १२:५-१२, भजनसंग्रह ४०:९-१० ६८:२६, प्रेरित २:४२-४७, हिब्रू १०:२३-२५
३. रोमी १०:१४-१७, १को.१४:३१-३२, १तिमोथी ४:१३
४. १को. ११:२३-२५
५. कलस्सी ३:१६, १तिमोथी २:१
६. भजनसंग्रह ५०:१४, १को.१६:२, २को.८ र ९
७. यशैया ६६:२३, हिब्रू ४:९-११

## प्रभुको दिन ३९

१०४. **प्रश्न:** पांचौ आज्ञामा तपाईको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तर:** कि म मेरो बुवा, आमा
र म माथि भएका ती अधिकारवालाहरुलाई
सम्मान गरुँ, प्रेम गरुँ र उहाँहरु प्रति विश्वासयोग्य होउ,
जब उहाँहरुले मलाई सुधार र सजाय दिनुहुन्छ,
कि म उहाँहरुको आज्ञा पालन गरुँ र अधिनतामा सुम्पिउ, जो उचित छ,१

र उनीहरुको असक्षमताहरु प्रति पनि म धैर्यवान होउ२
किनकी उनीहरुद्वारा नै परमेश्वरले हामीमाथि शासन गर्नुहुन्छ ।३
१. प्रस्थान २१:१७, हितोपदेश १:८, ४:१, रोमी १३:१-२, एफिसी ५:२१-२२, ६:१-९, कलस्सी ३:१८-४:१
२. हितोदेश २०:२०, २३:२२, १पत्रुस २:१८
३. मत्ती २२:२१, रोमी १३:१-८, एफिसी ६:१-९, कलस्सी ३:१८-२१

## प्रभुको दिन ४०

१०५. **प्रश्नः** छैठौं आज्ञामा तपाईको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तरः** म मेरो विचारहरुद्वारा, शब्दहरुद्वारा, मेरो हेराईहरुद्वारा वा अनुहारको हाउभाउद्वारा
अनि अवश्यपनि मेरो कुनै वास्तविक कार्यहरुद्वारा
मेरो छिमेकीलाई होच्याउने, अपमान गर्ने, घृणा गर्ने, वा हत्या गर्ने होइन्,
अनि यस्ता कुराहरुमा कसैसँग सहभागी पनि हुनुहुदैन,१
बरु, मैले ममा भएको प्रतिशोधका सबै इच्छाहरुलाई परै राख्नु पर्छ ।२

अनि न त मैले आफैलाई चोट पुऱ्याउने वा लापरवाही जोखिमा हाल्नु नै हुन्छ ।३

हत्याहरु रोक्न नै सरकार हात हतियाहरुले सुसज्जित भएका हुन् ।४
१. उत्पत्ति ९:६, लेवी १९:१७-१८, मत्ती ५:२१-२२, २६:५२
२. हितोपदेश २५:२१-२२, मत्ती १८:३५, रोमी १२:१९, एफिसी ४:२६
३. मत्ती ४:७, २६:५२, रोमी १३:११-१४
४. उत्पत्ति ९:६, प्रस्थान २१:१४, रोमी १३:४

१०६. **प्रश्नः** के यस् आज्ञाले हत्याको बारेमा मात्र बताउछ ?
**उत्तरः** हत्या निषेधको आज्ञा दिएर परमेश्वर हामीलाई सिकाउनु हुन्छ
कि उहाँ हत्याको जड लाई घृणा गर्नुहुन्छ जुन चाहि हो:
इर्ष्या, घृणा, रीस, प्रतिशोधको भावना।१

परमेश्वरको दृष्टिमा यी सबै हत्या नै हुन्।२
१. हितोपदेश १४:३०, रोमी १:२९, १२:१९, गलाती ५:१९-२१, १ यूहन्ना २:९-११
२. १ यूहन्ना ३:१५

१०७. **प्रश्नः** त्यसो भने के यी कुनै पनि माध्यमहरुद्वारा हामीले आफ्ना
छिमेकीहरुको हत्या नगर्नु मात्र नै प्रयाप्त छ ?
**उत्तरः** अहँ छैन ।
इर्ष्या, घृणा, र रीस विरुद्ध दण्डाज्ञा दिनुभएर
हामीले हाम्रा छिमेकीहरुलाई आफुलाई जस्तै प्रेम गर्न,१
धैर्यवान, शान्ति प्रिय, भलाद्मी,
करुणामय, र उनीहरु प्रति मित्रभाव राख्न२
सकेसम्म उनीहरुलाई जोखिमबाट सुरक्षित राख्न
र हामीहरको शत्रुहरुलाई पनि भलाई गर्न३
परमेश्वर हामीहरुलाई भन्नुहुन्छ ।

१. मत्ती ७:१२, २२:३९, रोमी १२:१०
२. मत्ती ५:३-१२, लूका ६:३६, रोमी १२:१०, १८, गलाती ६:१-२, एफिसी ४:२, कलस्सी ३:१२, १पत्रुस ३:८
३. प्रस्थान २३:४-५, मत्ती ५:४४-४५, रोमी १२:२०-२१, (हितोपदेश २५:२१-२२)

## प्रभुको दिन ४१

१०८. **प्रश्नः** सातौं आज्ञामा तपाईको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तरः** परमेश्वर सबै अशुद्ध ब्यवहारहरुको निन्दा गर्नुहुन्छ ।१
त्यसैले हामी यस्ता कुराहरुको पूर्णरुपमा घृणा गर्नुपर्छ२
र विवाहीत वा अविवाहीत
सबैले शुद्ध र असल जीवनहरु जिउनु पर्छ ।३
१. लेवी १८:३०, एफिसी ५:३-५
२. यहूदा २२-२३
३. १ को. ७:१-९, १ थे.४:३-८, हिब्रू १३:४

१०९. **प्रश्नः** यस आज्ञामा, के परमेश्वरले
ब्यविचार भनिने निर्लज्ज पापको मात्र निषेध गर्नुभएको छ ?
**उत्तरः** शरीर र प्राण दुबैमा, हामी पवित्र आत्माका मन्दिरहरु हौं,
र परमेश्वर दुबै सफा र पवित्र भएको चहानुहुन्छ ।
त्यसलै उहाँले ती सबै कुराहरुको निषेध गर्नुहुन्छ,
जसले अशुद्धताहरु तिर उत्प्रेरक गर्दछ,१
चाहे यी कार्यहरु, हेराईहरु, बोली, सोचाईहरु, वा ईच्छाहरु नै किन नहोस् ।२
१. १को. १५:३३, एफिसी ५:१८
२. मत्ती ५:२७-२९, १को. ६:१८-२०, एफिसी ५:३-४

प्रभुको दिन ४२

११०. **प्रश्नः** आठौं आज्ञामा परमेश्वर के कुराको मनाही गर्नुहुन्छ ?
**उत्तरः** उहाँ कानुनद्वारा दण्डनीय बाह्वय चोरी डकैती मात्र मनाही गर्नु हुन्न ।१

तर परमेश्वरको दृष्टिमा चोरीभित्र
हाम्रा छिमेक बिरुद्ध कानुन सँगत देखिने योजनाहरु बनाई
छलगर्ने र धोखा दिने कुराहरु पनि पर्छन्२, जस्तैः
गलत नाप तौलहरुः वजन, आकार, वा आयातनहरु,
जालझेलका ब्यापारहरु,
झाली रुपैया पैसा,
अत्याधिक ब्याजदर,
अथवा अरु कुनै माध्यमहरु जुन परमेश्वरले मनाही गर्नुभएको छ ।३

यस बाहेक उहाँले सबै प्रकारका लोभहरु४
र उहाँका बरदानहरुको अर्थहीन दुरुपयोगको पनि मनाही गर्नुहुन्छ ।५
१. प्रस्थान २२:१, १को.५:९-१०, ६:९-१०
२. मीका ६:९-११, लूका ३:१४, याकूब ५:१-६
३. व्यवस्था २५:१३-१६, भजनसँग्रह १५:५, हितोपदेश ११:१, १२:२२, इजिकिएल ४५:९-१२, लूका ६:३५

४. लूका १२:१५, एफिसी ५:५
५. हितोपदेश २१:२०, २३:२०-२१, लूका १६:१०-१३

१११. **प्रश्न:** यस आज्ञामा परमेश्वर तपाइबाट के कुराको माग गर्नुहुन्छ ?
**उत्तर:** कि म मेरो छिमेकीको भलाईको लागी
आफुले गर्न सक्ने हरेक कुरा म गरुँ,
कि म अरुहरुलाई पनि त्यस्तै ब्यवहार गरुँ
जस्तो म अरुहरुले मलाई गरोस् भन्ने चहान्छु,
र म विश्वासयोग्य भई काम गरुँ,
ताकि म आवश्यकतामा परेकाहरुसँग बाड्चुड गर्न सकुँ ।१
१. यशैया ५८:५-१०, मत्ती ७:१२, गलाती ६:९-१०, एफिसी ४:२८

## प्रभुको दिन ४३

११२. **प्रश्न:** नवौं आज्ञामा परमेश्वरको इच्छा तपाईको लागी के हो ?
**उत्तर:** परमेश्वरको इच्छा यो हो कि म कोही विरुद्ध कहिल्यै पनि झुटो गवाही नदिउ,
कसैको शब्दहरुलाई नबँग्याउ,
न कुरा काट्ने वा झुटो कुरा नै गरौं,
न त बिना सुनी वा सुयोग्य कारण बाहेक
कसैलाई दोषी ठहाराउने काममा सभागी नै बनुँ ।१

अदालत र अन्य जहिकही,
म झुटो बोल्ने र हरेक प्रकारका छल-कपटबाट टाढै रहनु पर्छ,
यी कुराहरु त्यस्ता माध्यमहरु हुन जो शैतान आफैले पनि प्रयोग गदर्छ,
अनि तिनीहरुले ममाथि परमेश्वरको प्रचण्ड क्रोधको आव्हान गर्दछ ।२
मैले सत्यलाई प्रेम गर्नुपर्छ,
यस्लाई स्पष्ट बोल्नुपर्छ,
र यस्लाई खुलामखुल्ला स्वीकार गर्नुपर्छ ।३
अनि मेरो छिमेकीको असल नाउलाई बचाउन
आफुले गर्नसक्ने हरेक काम मैले गर्नुपर्छ ।४
१.भजनसँग्रह १५, हितोपदेश १९:५, मत्ती ७:१, लूका ६:३७, रोमी १:२८-३२
२. लेवी १९:११-१२, हितोपदेश १२:२२, १३:५, यूहन्ना ८:४४, प्रकाश २१:८
३. १को.१३:६, एफिसी ४:२५
४. १पत्रुस ३:८-९, ४:८

## प्रभुको दिन ४४

११३. **प्रश्न:** दशौं आज्ञामा तपाईको लागी परमेश्वरको इच्छा के हो ?
**उत्तर:** यहाँ सम्म कि एउटा सानो विचार वा इच्छा
जुन परमेश्वरको आज्ञाहरु विपरीत छन्
मेरो ह्रदयमा नउब्जिउन् ।

बरु, मेरो सम्पूर्ण ह्रदयले
मैले पापलाई सधै घृणा गर्नुपर्छ
र जुन कुरा ठीक छ त्यही कुरामा आनन्द मनाउनुपर्छ ।१
१. भजनसँग्रह १९:७-१४, १३९:२३-२४, रोमी ७:७-८

११४. **प्रश्नः** तर के ती परमेश्वरतर्फ फर्किएकाहरुले
यी आज्ञाहरुलाई सिद्धरुपमा पालन गर्न सक्छन् ?
**उत्तरः** अहँ सक्दैनन् ।
यस जीवनमा अति पवित्रहरु पनि
यस आज्ञाकारीतमा एउटा सानो शुरुवात मात्र गरिरहेका हुन्छन्।१

तैपनि, उनीहरु गम्भिर उद्येश्य सहित
परमेश्वरको यी सबै आज्ञाहरु अनुरुप जीवन जीउन शुरु गरिरहेका हुन्छन् ।२
१. उपदेशक ७:२०, रोमी ७:१४-१५, १को. १३:९, १यूहन्ना १:८-१०
२. भजनसँग्रह १:१-२, रोमी ७:२२-२५, फिलीप्पी ३:१२-१६

११५. **प्रश्नः** यस जीवनमा कसैले पनि दश आज्ञाहरु सिद्धरुपमा पालन गर्न सक्दैन्:
तब किन परमेश्वर यी आज्ञाहरुलाई यति विध्न कडाईका साथ प्रचार गरको चहानु हुन्छ ?
**उत्तरः** पहिलो, ता कि जति हामी यी आज्ञा अनुरुप जिउछौं
त्यतिनै बढि हामी हामीहरुको पापहरुको बारेमा थाहा पाउछौं
अनि हामीहरुको पाप क्षमा र धार्मिकताको लागी
खीष्टलाई अझै उत्कटताका साथ हर्नेछौं ।१

दोस्रो, ता कि,
जब हामी परमेश्वरसँग पवित्र आत्माको अनुग्रहको लागी प्रार्थना गर्छौ,
यस जीवन पश्चात हामीहरुको लक्ष्य,
पूर्णसिद्धता सम्म नपुगुन्जेल
झन झन परमेश्वरको स्वरुपमा नयाँ हुन
हामी कहिल्यै पनि सर्घष गर्न नरोकिउ ।२
१. भजनसँग्रह ३२:५, रोमी ३:१९-२६, ७:७, २४-२५, १यूहन्ना १:९
२. १को. ९:२४, फिलीप्पी ३:१२-१४, १यूहन्ना ३:१-३

## प्रार्थना

### प्रभुको दिन ४५

११६. **प्रश्नः** किन खीष्टियनहरुले प्रार्थना गर्न खाँचो छ ?
**उत्तरः** किनकी प्रार्थना परमेश्वरले हामीबाट चहाने
कृतज्ञाताको सबैभन्दा महत्वपूर्ण अँश हो ।१
अनि परमेश्वरले उहाँको अनुग्रह र पवित्र आत्मा
उनीहरुलाई मात्र दिनुहुन्छ जसले निरन्तर र अन्तरआत्माको रुवाईसँगै
परमेश्वरसँग यी बरदानहरुको माग गर्दै

र यिनीहरुको लागी  उहाँलाई धन्यबाद दिदैं प्रार्थना गर्छन् ।२

१. भजनसंग्रह ५०:१४-१५, ११६:१२-१९, १थेसलोनिकी ५:१६-१८

२. मत्ती ७:७-८, लूका ११:९-१३

११७. **प्रश्नः** हाम्रो प्रार्थना सुनुवाईको लागि परमेश्वर हामीले कसरी प्रार्थना गरेको चहानुहुन्छ ?
**उत्तरः** पहिलो, हामीले हाम्रो ह्रदयबाट अरुलाई होइन् साँचो एक परमेश्वरलाई प्रार्थना गर्नुपर्छ,
जसले आफैलाई आफ्नो बचनमा प्रकाश पार्नुभएको छ,
अनि उहाँले हामीलाई माग्न आज्ञा गर्नुभएका सबै कुराहरु मागेर ।१
दोस्रो, कुनै पनि कुरा नलुकाई,
हामीले हाम्रो आवश्यकता र दुगर्तीहरुको स्विकार गर्नुपर्छ,
र उहाँको तेजस्वी उपस्थितीमा  आफैलाई नम्र तुल्याउनुपर्छ ।२

तेस्रो, हामी उहाँको यस अटल जगमा भरोसा राख्नुपर्छः
यद्यपी हामी यस कुराको योग्यका छैनौं,
परमेश्वरले अवश्यपनि हाम्रो प्रार्थना
हाम्रा प्रभु येशू ख्रीष्टको कारण सुन्नुहुन्छ ।
यही कुरानै उहाँले हामीलाई उहाँको बचनमा प्रतिज्ञा गर्नुभएको छ।३

१. भजनसँग्रह१४५:१८-२०, यूहन्ना ४:२२-२४, रोमी ८:२६-२७, याकूब १:५, १यूहन्ना५:१४-१५

२. २इतिहास ७:१४, भजनसँग्रह २:११, ३४:१८, ६२:८, यशैया ६६:२, प्रकाश ४

३. दानिएल ९:१७-१९, मत्ती ७:८ यूहन्ना १४:१३-१४, १६:२३, रोमी १०:१३, याकूब १:६

११८. **प्रश्नः** परमेश्वरले हामीलाई के कुराको लागी प्रार्थना गर्न आज्ञा गर्नुभयो ?
**उत्तरः** हामीलाई आवश्यकीय सबै कुराहरु, आत्मिकी र भौतिक,१
प्रार्थनामा सम्मिलित जसरी ख्रीष्ट हाम्रा आफैले हामीलाई सिकाउनुभयो ।

१. याकूब १:१७, मत्ती ६:३३

११९. **प्रश्नः** यस प्रार्थना के हो ?
**उत्तरः** हे हाम्रा स्वर्गीय पिता,
तपाईको नाउ पवित्र गरियोस्,
तपाईको राज्य आओस्
तपाईको इच्छा स्वर्गमा जस्तो छ
त्यस्तै यस पृथ्वीमा पुरा होस् ।
हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।
ह्मम्रा अपराधाहरु क्षमा गर्नुहोस्,
जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं ।
हामीलाई परिक्षामा पर्न नदिनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस् ।
किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन् । आमिन ।१

१. मत्ती ६:९-१३, लूका ११:२-४

## प्रभुको दिन ४६

१२०. **प्रश्नः** किन ख्रीष्टले हामीलाई परमेश्वरलाई पिता भनि सम्बोधन गर्न आज्ञा दिनुभयो ?

**उत्तर:** हामीहरुको प्रार्थनाको शूरुवातमा खीष्ट हामी भित्र प्रार्थनाको आधारभूत कुरा
बालकको जस्तो भय र विश्वास
कि परमेश्वर खीष्टद्धारा हामीहरुको पिता हुनुभएको छ
भन्ने कुरा जलाउन चहानुहुन्थ्यो ।

जसरी हामीहरुको सँसारीक पिताहरुले
यस जीवनका कुराहरु दिन हामीहरुलाई इन्कार गर्नु हुन्न,
त्यसैगरी, परमेश्वर हाम्रा पिताले हामीहरुले विश्वास बालकको जस्तो भय र विश्वास
कि परमेश्वर खीष्टद्धारा हामीहरुको पिता हुनुभएको द्वारा मागेका कुराहरु
दिनको लागी अझ कम्ती इन्कार गर्नुहुन्छ ।१
१. मत्ती ७:९-११, लूका ११:११-१३

१२१. **प्रश्न:** "स्वर्गमा हुनुहुने" भन्ने शब्दहरु के सिकाउदछ ?
**उत्तर:** यी शब्दहरुले हामीहरुलाई परमेश्वरको स्वर्गीय प्रताप
पृथ्वीको जस्तो नसोच्न,१
अनि उहाँको सर्वशक्तिमान सामर्थ्यबाट शरीर र प्राणको लागी
सबै कुराको आशा गर्न सिकाउछ ।२
१. यर्मिया २३:२३-२४, प्रेरित १७:२४-२५
२. मत्ती ६:२५-३४, रोमी ८:३१-३२

## प्रभुको दिन ४७

१२२. **प्रश्न:** पहिलो अनुरोधको अर्थ के हो ?
**उत्तर:** "तपाईको नाउ पवित्र होस्" को अर्थ हो,
तपाईलाई वास्तवमै चिन्न,१
र तपाईको सम्पूर्ण कार्यहरुको लागी
र यिनीहरुबाट प्रकाशीत सबै चमकहरु:
तपाईको सर्वशक्तिशाली सामर्थ्य, ज्ञान, दया, न्याय, कृपा, र सत्यतालाई
धन्यभन्न, आराधना चढाउन, र प्रशँसा दिन हामीलाई सहायता गर्नुहोस् ।२

र यसको अर्थ हो,
हाम्रा सबै जीवन-आचरणहरु हामी जे विचार गर्छौं, बोल्दछौं, र गर्दछौं...
मार्गनिर्देन गर्न सहायता गर्नुहोस्...
ताकि हामीहरुको कारण तपाईको नाउको कहिल्यै पनि इश्वरनिन्दा नहोस्
तर सधैं प्रशँसा र महिमीत होस् ।३
१. यर्मिया ९:२३-२३, ३१:३३-३४, मत्ती १६:१७, यूहन्ना १७:३
२. प्रस्थान ३४:५-८, भजनसँग्रह १४५, यर्मिया ३२:१६-२०, लूका १:४६-५५, ६८-७५, रोमी११:३३-३६
३. भजनसँग्रह ११५:१, मत्ती ५:१६

## प्रभुको दिन ४८

१२३. **प्रश्न:** दोस्रो अनुरोधको अर्थ के हो ?
**उत्तर:** "तपाईको राज्य आओस" को अर्थ हो,

तपाईको बचन र आत्माले यस्तो प्रकारले राज्य गर्नुहोस्
कि झन झन बढि हामी तपाईको अधिनतामा आफैलाई सुम्पन सकौं ।१

तपाईको मण्डलीलाई बलियो राख्नुहोस् र यस्लाई बृद्धि गराउनुहोस् ।२

दुष्टका कामहरुलाई विनाश गर्नुहोस्,
तपाई विरुद्ध विद्रोह गर्ने प्रत्येक शक्तिहरुलाई
र तपाईको वचन विरुद्ध गरिने हरेक षडयन्त्रलाई विनाश गर्नुहोस् । ३
तपाई यो काम तपाईको राज्य पूर्ण र सिद्ध नहोउन्जेल सम्म गर्नुहोस्
कि तपाई नै यी सबै कुरामा सर्वेसर्वा हुनुहुनेछ ।४

१. भजनसँग्रह ११९:५, १०५, १४३:१०, मत्ती ६:३३
२. भजनसँग्रह १२२:६-९, मत्ती १६:१८, प्रेरित २:४२-४७
३. रोमी ८:२२-२३, १को. १५:२८, प्रकाश २२:१७, २०

१२४. **प्रश्नः** तेस्रो अनुरोधको अर्थ के हो?
**उत्तरः** "तपाईको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पुरा होस्" को अर्थ हो,

हामी र सबै मानिसहरुलाई हाम्रा आफ्नै इच्छाहरु
इन्कार गर्न हामीलाई सहायता गर्नुहोस्
र तपाईको इच्छालाई बिना कुनै गन्गन् पालन गर्न सहयोग गर्नुहोस् ।
तपाईको इच्छामात्र असल छन् ।१

हामी प्रत्येक र सबैलाई स्वर्गमा भएका स्वर्गदुतहरु जस्तै तत्परता र विश्वासयोग्यताका साथ२
हामीलाई दिइएका कामहरु गर्न सहायता गर्नुहोस् ।३

१. मत्ती ७:२१, १६:२४-२६, लूका २२:४२, रोमी १२:१-२, तितस २:११-१२
२. भजनसँग्रह १०३:२०-२१
३. १को.७:१७-२४, एफिसी ६:५-९

१२५. **प्रश्नः** चौथो अनुरोधको अर्थ के हो ?
उत्तरः "हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस" को अर्थ हो,

हाम्रा सबै शारीरिक खाँचोहरुको वास्ता गर्नुहोस्१
ता कि हामी थाहा पाउने छौं
कि हरेक असल कुराहरुको श्रोत तपाईमात्रै हुनुहुन्छ,२
र न त हाम्रा काम वा चिन्ता
न तपाईको बरदानहरुले
तपाईको आशिष विना हामीहरुलाई केहि असल नै गनै सक्छन् भन्ने थाहा पाउनेछैं ।३

र हामीहरुलाई हाम्रो भरोसा सृष्टिहरुमाथि गर्न छाड्न्
र तपाई माथि मात्र भरोसा गर्न सहायता गर्नुहोस् ।४

१. भजनसँग्रह १०४:२७-३०, १४५:१५-१६, मत्ती ६:२५-३४
२. प्रेरित १४:१७, १७:२५, याकूब १:१७
३. व्यवस्था८:३, भजनसँग्रह ३७:१६, १२७:१-२ १को.१५:५८
४. भजनसँग्रह ५५:२२, ६२, १४६, यर्मिया १७:५-८, हिब्रु १३:५-६

## प्रभुको दिन ५१

१२६. **प्रश्नः** पाँचौ अनुरोधको अर्थ के हो?
**उत्तरः** "हाम्रा अपराधाहरु क्षमा गर्नुहोस्,
जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं" को अर्थ हो,

खीष्टको रगतको कारण,
हामी दरिद्र पापीहरु भएता पनि, र हामीले गर्ने पापहरु
वा ती दुष्ट कुराहरु जो हामी निरन्तर समाईराख्छौं१,
यी कुराहरु विरुद्ध केही पनि कुरा नलिनुहोस् ।

हामीलाई क्षमा दिनुहोस् जसरी हामीमा भएको तपाईको अनुग्रहको प्रमाण स्वरुप,
हामीहरुको छिमेकीहरुलाई क्षमा दिन हामी पूर्णरुपमा कटिबद्ध छौं ।२

१. भजनसँग्रह ५१:१-७, १४३:२, रोमी ८:१, १यूहन्ना २:१-२
२.मत्ती ६:१४-१५, १८:२१-३५

## प्रभुको दिन ५२

१२७. **प्रश्नः** छैठौं अनुरोधको अर्थ के हो ?
**उत्तरः** "हामीलाई परिक्षामा पर्न नदिनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस्" को अर्थ हो,

हामी आफैले आफैलाई परिक्षाबाट केही क्षण रोक्न पनि अत्यन्त कम्जोर छौं ।१

र हाम्रो कट्टर दुश्मनहरु...
शैतान,२ सँसार,३ र हाम्रो आफ्नै शरीर...४
कहिल्यै पनि हामीलाई आक्रमण गर्न देखि रोक्दैनन् ।

त्यसैले, प्रभु,
तपाईको पवित्र आत्माको सार्मथ्यद्वारा
हामीलाई सम्हाल्नुहोस् र बलियो बनाउनुहोस्,
ता कि हामी यस् आत्मिकी सँघर्षमा,५पराजीत नबनौं,
बरु दृढताका साथ अन्तमा पूर्ण बिजय प्राप्त नगरुन्जेल
हामीहरुको शत्रुहरुलाई विरोधगर्न सकौं ।५

१. भजनसँग्रह १०३:१४-१६, यूहन्ना १५:१-५
२. २कोरिन्थी ११:१४, एफिसी ६:१०-१३, १पत्रुस ५:८
३. यूहन्ना १५:१८-२१
४. रोमी ७:२३, गलाती ५:१७
५. मत्ती १०:१९-२०, २६:४१, मर्कूस १३:३३, रोमी ५:३-५
६. १कोरिन्थी १०:१३, १थेस.३:१३, ५:२३

१२८. **प्रश्नः** तपाईको प्रार्थनाको यस अन्तिम निश्कर्षको अर्थ के हो ?

**उत्तर:** किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन्" को अर्थ हो,

हामीले यी सबै बिन्तिहरु तपाईमा बिसाएका छौं
किनकी, तपाई हाम्रो सर्वशक्तिशाली राजा हुनुहुन्छ,
तपाई चहानुमात्र हुनुहुन्न,
तर यी सबै असल कुराहरु प्रदानगर्नलाई सक्षम पनि हुनुहुन्छ,१
अनि हाम्रो आफ्नै होइन्, तर तपाईको पवित्र नाउको कारण
यी सबै प्रशँसा सधैंभरी तपाईले प्राप्त गर्नुहुनेछ।२

१. रोमी १०:११-१३, २पत्रुस २:९
२. भजनसँग्रह ११५:१, यूहन्ना १४:१३

१२९. **प्रश्न:** अन्तिम शब्द "आमिन" ले के व्यक्त गर्दछ ?
**उत्तर:** "आमिन" को अर्थ "यो अवश्य पनि हुनेछ" भन्ने हो ।

अनि यो अझ निश्चित छ कि
मैले चाहेको कुराहरुको प्रार्थना भन्दा पनि बढि
परमेश्वर मेरो प्रार्थना सुन्नुहुन्छ ।१

१. यशैया ६५:२४, २कोरिन्थी १:२०, २तिमोथी २:१३